## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६६-WO-०९२२, उत्प्रेषण समेत, *सुवासकुमार कोइराला वि. अर्थ मन्त्रालय समेत*

निवेदकको सरूवासम्बन्धी व्यवस्था निज निजामती कर्मचारी भएको हुनाले निजामती सेवा ऐन, २०४९ र सोको नियमावली, २०५० अनुसार हुने हुनाले र निजामती कर्मचारीहरूको हकमा ट्रेड यूनियन ऐन, २०४९ का व्यवस्थाहरू आकर्षित हुन सक्ने नहुँदा निजामती सेवा ऐन, २०४९ एवं सोको नियमावली, २०५० अनुसारको व्यवस्थाअनुरूप नभएको भनी भन्न सकिने अवस्था नहुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ ११ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०५२८, उत्प्रेषण समेत, *केशवबहादुर थापा समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदनमा दावी लिएको आर्थिक वर्ष २०६६।६७ को एक प्रतिशत करको व्यवस्था आयकर ऐन, २०५८ मा संशोधन भै सोही कानूनी व्यवस्थाअनुसार पारिश्रमिक आयआर्जन गर्ने व्यक्तिहरूबाट कर कट्टी भैसकेको र उक्त कानूनी व्यवस्था संविधानको प्रावधानसँग बाझिएको भनी धारा १०७(१) अन्तर्गत दावी समेत नलिएको अवस्था देखिनुका अतिरिक्त निवेदनमा लिएको दावी समेत युक्तियुक्त आधार तथा तथ्य प्रमाणबाट पुष्टि गर्न नसकेको विद्यमान अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको विविध फौ.नं. ११६, अदालतको अपहेलना, *बोधबहादुर राउत क्षेत्री वि. शम्भु थापा समेत*

अदालतको न्यायिक कामकारवाहीमा दखल नपुगेको हदसम्म अदालतका न्यायाधीश र न्यायाधीशबाट भएका आदेश फैसलाको पूर्वाग्रहरहित भै स्वच्छ रूपमा टीकाटिप्पणी र आलोचना गर्न पाउने नै देखिँदा नेपाल बार एशोसिएशन न्यायपालिकाको अभिन्न अङ्ग र यसका पदाधिकारीहरू (कानून व्यवसायी) अदालतका Officer of the Court को रूपमा स्वीकार गरिएकोले न्यायकर्मीबाट नै तत्कालीन परिवेशमा यस अदालतबाट भएको आदेशको स्वच्छ रूपमा टीकाटिप्पणी र आलोचना गरिएको र सो आलोचनाको विषयवस्तु हेर्दा न्यायमूर्तिलगायत न्यायालयका विरूद्ध वितृष्णा फैलाउने, जनआस्था घटाउने प्रकृतिको भएको नदेखिनुका साथै नेपाल बारका पदाधिकारीहरूले आफूहरूले अदालतको अपहेलना पनि नगरेको र अपहेलना गर्ने उद्देश्य समेत नभएको भनी लिखित जवाफ लगाएको देखिँदा स्वच्छ रूपमा गरेको टीकाटिप्पणी र आलोचनाको आधारले मात्र अदालतको अपहेलना हुन्छ भन्न नमिल्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल माघ २८ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कल्याण श्रेष्ठ,** २०६२ सालको रिट नं. ३१३९, उत्प्रेषण परमादेश, *धमनारायण महर्जन वि. गुठी तहसील कार्यालय, कालमोचन, त्रिपुरेश्वर समेत*

विवादित जग्गा गुठीको जग्गा हो र सो जग्गाको मोही निवेदक हुन् भन्ने प्रमाणित हुन नसकेको, गुठीले नै आफ्नो हक कायम गरिपाऊँ भनी दावी नगरेको अवस्थामा हकदैया नै नभएका उनाउ व्यक्तिले नेपाल सरकारको नाममा दर्ता भएको का.जि. गोंगबु गा.वि.स. वडा नं. २ कि.नं. २८५ को क्षे.फ. २०-२-०-० मध्ये क्षे.फ. ४-५-१-२ जग्गाको जग्गाधनी

नेपाल सरकारलाई परिवर्तन गरी श्री ५ को वायु देवता गुठी कायम गरी मलाई मोही कायम गरिपाऊँ भनी निवेदकले गुठी संस्थानमा मिति २०५२।४।७ मा र सो जग्गा दर्ता सम्बन्धमा परेका अन्य निवेदन खारेज गरी तामेलीमा राख्ने गरेको गुठी तहसील कार्यालय, कालमोचन त्रिपुरेश्वरको मिति २०६१।०६।१२ को निर्णय र गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६२।९।१७ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६६ साल बैशाख ५ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैंअनुसार फैसला भएका छन् :

- २०६२ सालको रिट नं. ३१३८ उत्प्रेषणयुक्त परमादेश, *दिलबहादुर महर्जन वि. गुठी संस्थान केन्द्रीय कार्यालय, कालमोचन, त्रिपुरेश्वर समेत*
- २०६२ सालको रिट नं. ३१४०, उत्प्रेषणयुक्त परमादेश, *काले थापा वि. मालपोत कार्यालय डिल्लीबजार समेत*

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कल्याण श्रेष्ठ,** २०६२ सालको रिट नं. ३००४, उत्प्रेषण परमादेश समेत, *नन्दकुमार कायस्थ समेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

निवेदकको बाबु बुद्धिलालले छाडेको जग्गा आशामरूले जोतभोग गरी आएकोमा निजको जीवनपछि निजको पत्नी तिलकमाया श्रेष्ठले सो जग्गा जोतभोग गरी आएका र गुठी संस्थानले मिति २०६२।९।२६ मा जग्गाधनी श्री ५ को सरकारबाट पकनाजोल सप्तमी श्राद्ध गुठी र मोहीमा आशामण्डु कायस्थ कायम गरी संशोधन गरिसक्दा पनि निवेदकहरूलाई कुनै जानकारी भएको पाइँदैन । आशामरूको मृत्युपश्चात् निजको पत्नीको नामसारीको निवेदन परी यी निवेदकहरूलाई जानकारी दिँदा मात्र दावी गरेको कारण यी निवेदकहरूले निरन्तर रूपमा जग्गा जोतभोग गरेका रहेछन् भन्न सक्ने अवस्था पनि देखिएन । नामसारीको निवेदन गरेको क्रममा गा.वि.स. ले सिफारिश गर्दा, गा.वि.स.ले गरेको सर्जमिनमा २०२३ सालदेखि नै विवादित जग्गा विपक्षीले नै जोतभोग गरेको देखिएको र निवेदकका बाबुले २०२३ सालमा जोत कमोद गर्न छाडेको कारण विवादित जग्गामा आशामण्डु श्रेष्ठ र निजको परिवारको जोत कमोद देखिँदा विवादित जग्गामा विपक्षी तिलकमाया श्रेष्ठको नै मोही हक कायम हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल बेशाख ५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०६०९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्गबहादुर थापा*

मृतक र प्रतिवादीबीच मिति २०६३।१।२९ गते राति विवाद भई प्रतिवादीले मृतकलाई कुटेको र मृतक घरमा आई सुती भोलिपल्ट अर्थात् २०६३।१।३० गते बिहान ६ बजेसम्म आफ्नो घरमा नै जीवित अवस्थामा रहेको र त्यसको केही समयपछि मृतक झुण्डिएको अवस्थामा निजको सासूले देखी निजले पासो लगाएको डोरी काट्दासम्म मृतक जीवित रहेको र पानी समेत खुवाई बचाउने प्रयत्न गर्दा निजको मृत्यु भएको देखिन्छ । यसरी जुन अवस्था र समयमा मृतक झुण्डिएको अवस्थामा फेला परेको हो सो अवस्थामा प्रतिवादी एक्लैले कसैको सहयोग बिना मृतकलाई झुण्ड्याउन सक्ने स्थिति नदेखिँने ।

मारेको तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा निज प्रतिवादी खड्गबहादुर थापाले अभियोग दावीबमोजिम कसूर गरेको नठहर्‍याई अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल असार ८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०६०१, उत्प्रेषण, *डा. दीर्घराज आर.सी. वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदशकले जुन निर्देशक पदको पदावधि सकिनु अगावै पदबाट हटाएको भनी दावी गरेको हो

निज स्वयंले नै उक्त पदबाट राजीनामा दिई २०६७।३।१४ मा स्वीकृत समेत भैसकेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिएको र रिट निवेदकको तर्फबाट पनि सो कुरालाई स्वीकारै गरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल साउन १० गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०८१३, उत्प्रेषण, *शशिकान्त झा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले सम्बद्धता निर्धारणको लागि दिएको निवेदन मागबमोजिम कानूनद्वारा अधिकार प्राप्त सम्बद्धता निर्धारण समितिले आवश्यक छानबीन गरी निवेदकले गर्नुपर्ने सेवा समूहसँग सम्बन्धित कामको विवरण र सो कामको लागि आवश्यक पर्ने शैक्षिक विषय समेतको विवेचना गरी निवेदकको शैक्षिक उपाधि निजको सेवासँग सम्बन्धित नभएको भनी गरेको निर्णयमा कुनै कानूनी त्रुटि देखिन नआएको अवस्थामा निवेदकको शैक्षिक उपाधि सम्बन्धित सेवा समूहसँग सम्बन्धित छ वा छैन भन्ने बारेमा तथ्यभित्र प्रवेश गरी यस अदालतबाट हेर्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल साउन १८ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ०७३५, उत्प्रेषण, *शशिकान्त झा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले हासिल गरेको तालिम बिनाको गणितसहित विज्ञान विषयको स्नातकोत्तर मात्रको शैक्षिक उपाधिलाई माथिल्लो शैक्षिक योग्यता मान्न नमिल्ने र उक्त उपाधि निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम सम्बद्धता समेत नभएको अवस्थामा बढुवा समितिले त्यस्तो शैक्षिक उपाधिलाई माथिल्लो शैक्षिक योग्यताबापत अङ्क प्रदान गरेको कानूनसम्मत नभएको भनी निवेदकलाई बढुवा सिफारिश सूचीबाट हटाउने लोकसेवा आयोगको निर्णय कानूनसम्मत नै देखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल साउन १८ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ००६६, उत्प्रेषण परमादेश समेत, *हृदयनारायण मिश्र वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकको शैक्षिक उपाधिको नाम Diploma of the Postgraduate Cource in Integrated Map and Geoinformation Production भएको र विपक्षी कृष्ण बि.सी. को शैक्षिक उपाधिको नाम Professional Master Degree in Geoinformation Science and earth ovserbvation specialisation : Candastre and land registration भएबाट नामबाट नै कृष्ण बि.सी. को उपाधि Master degree देखिएको, त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रको मिति २०६६।७।२७ को पत्रले निवेदकको शैक्षिक उपाधिलाई Postgraduate diploma सरह मान्यता दिएको तर कृष्ण बि.सी.को शैक्षिक उपाधिलाई सामान्य प्रशासन मन्त्रालयको मिति २०६१।१०।७ को पत्रले सम्बद्धता र त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रको मिति २०६१।१२।९ को पत्रले Master Degree in relevant Subject भनी समकक्ष मान्यता दिएको समेतबाट निवेदक र विपक्षी कृष्ण बि.सी. को उपाधि समान स्तरको हो भनी भन्न नमिल्ने ।

निवेदकलाई नियमपूर्वक निलम्बित अवधि आ.व. २०६२।०६३ र २०६३।०६४ को लागि सोभन्दा अगाडिको आ.व. २०६१।६२ को का.स.मू. अनुसारको अङ्क दिएको र शैक्षिक उपाधि स्नातकोत्तर स्तरको नदेखिएको हुँदा सो उपाधिको अङ्क नदिई निजले पाउनु पर्ने अन्य अङ्कको गणना गरी रिक्त नेपाल इञ्जिनियरिङ्ग सेवा सर्भे समूहको रा.प. प्रथम श्रेणी सहसचिव पद दुईमा कृष्ण बि.सी. र दुर्गेशमान कायस्थलाई बढुवा गर्ने गरेको बढुवा समितिको

२०६६।१।१३ र २०६६।१।२२ को निर्णय समेतका काम कारवाहीमा कुनै कानूनी त्रुटि नदेखिने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असार २० गते रोज १ शुभम् ।
यसमा यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन् :

- २०६६ सालको रिट नं. १०५८ उत्प्रेषण परमादेश, *बामदेवदीप अधिकारी वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको रिट नं. ०३५४ उत्प्रेषण परमादेश समेत, *बामदेवदीप अधिकारी वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ३११६, २०६५ *सालको साधक नं. ०५१,* कर्तव्य ज्यान, *भिनक मल्लाह वि. नेपाल सरकार, नेपाल सरकार वि. रामचरित्र मल्लाह समेत*

वारदातको पूर्व तयारी, मृतकलाई बोलाउने कार्य, रक्सी सेवनका कार्य, प्रतिवादीहरूको क्रमिक उपस्थिति, होटेलबाट उठी गई वाणगंगाको किनारा आँपको ठुटामा रक्सी सेवन गर्ने कार्य, राति १२।३०-१ बजेसम्म सो स्थानमा रक्सी सेवन गरेको कार्यले अपराधको तथ्य एवं घटनाक्रम क्रमशः उद्घाटित हुनुका साथै घटनाका कडीहरू क्रमवद्ध मालाकार रूपमा जोडिएको देखिएबाट यी प्रतिवादीहरूले पूर्व रिसइवी साँध्नका लागि योजनावद्ध रूपमा वाणगंगाको किनारमा लगी रक्सी सेवन गराई अत्यधिक मादक पदार्थ सेवन गरी गराई मादक पदार्थ लागेर शरीर सिथिल भएको अवस्थामा मृतकको घाँटी थिची हत्या गरी पानीमा डुबेर मरेको भन्ने भान पार्न नदीको बीच स्थानमा राखी प्रतिवादीहरूले मृतक बच्चनलाल कुर्मीको हत्या गरेको पुष्टि हुँदा प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १ र १३ नं. को कसूरमा ऐ. १३(३) नं.अनुसार जनही जन्मकैद हुने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल जेठ २६ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको फौ.पु.नं.००७०, जबर्जस्ती करणी, *नेपाल सरकार वि. प्रदीप राउत कुर्मी समेत*

प्रतिवादी प्रदीप राउत कुर्मी, कपील राउत कुर्मी र पुरूषोत्तम भण्डारी कसूरमा इन्कार रही बयान गर्नुका साथै निजका साक्षीहरूले प्रतिवादीहरूले जबर्जस्ती करणीको अपराध गरेका होइनन्, निर्दोष छन् भनी बकपत्र गरी दिएका र प्रहरीसमक्ष कागज गर्ने जहेरवालीलगायत वस्तुस्थिति मुचुल्काका मानिसहरू अदालतमा उपस्थित भै बकपत्र नगरेको एवं पीडितलाई जबर्जस्ती करणी गरेको देख्ने प्रत्यक्षदर्शी सबूद प्रमाण समेतको अभावमा यी प्रतिवादीहरूले नै पीडित ज. कुमारीलाई जबर्जस्ती करणी गरेका हुन् भन्न नमिल्ने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ७९०, कर्तव्य ज्यान, *सिर्फलाल केवट वि. नेपाल सरकार*

घाँटीमा डोरी कसी मारी लुकाउनको लागि बोरामा बालुवा भरी बोरा र लास एकैमा बाधी बाहिर लास नदेखिने गरी पिडुरा खोलाको पानीको बीच भागमा पुऱ्याई छाडी दिएको भनी आरोपित कसूरप्रति सावित रहेको र सो साबिती बयानलाई लास जाँच मुचुल्काबाट मृतक शैलेश कुर्मीको टाउको हिलोमा, कम्मरदेखि तल पानीमा भएको, कम्मरमा डोरीले बाँधी दुबैतर्फको भाग बालुवा भरिएको बोरामा बाँधिएको र घाँटीमा नीलोकालो डाम देखिएको, शव परीक्षण प्रतिवेदनमा मृतकको घाँटी कसी मारी पानीमा डुबाएको भन्ने विशेषज्ञको राय रहेको र अदालतमा उपस्थित भै जाहेरवाला ओमप्रकाश कुर्मी, प्रहरीमा कागज गर्ने नन्दलाल र आइतबारीले गरेको बकपत्र समेतले पुष्टि हुँदा प्रतिवादी नागरिकता भन्ने सिर्फलाल केवटले शैलेश कुर्मीको हत्या गरेको ठहर गरी निजलाई ज्यानसम्बन्धी

महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल बैशाख ८ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. २५७५, उत्प्रेषण समेत, *दिव्य पवन अलौकिक वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय समेत*

बैंकले लगानी गरेको कर्जाको साँवा ब्याज समयमा भुक्तानी नगर्ने ऋणीको धितो सुरक्षणमा रहेको जायजेथाबाट असूलउपर गरी लिन पाउने व्यवस्था कानूनमा भएको र निवेदक र बैंकबीच भएको मिति २०५३।९।२३ को ऋण सम्झौताले साँवा ब्याज नबुझाए धितो लेखिदिएको सम्पत्तिबाट लिलाम गरी वा अन्य तवरबाट हस्तान्तरण गरी असूलउपर गरी लिनु भनी सम्झौता गरेको आधारमा बैंकले लिलाम गर्न टेण्डर आव्हान गरी लिलाम गर्न पाउने नै हुँदा धितो लिलाम समेतका सम्पूर्ण कारवाही तथा निर्णय समेत कानूनसम्मत देखिने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल जेठ २५ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ०९४८, उत्प्रेषण परमादेश, *राकेश धमला समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

बैंकको ऋण, ऋण लिने होटेल सेन्टर प्वाइन्टले नतिरे पनि घर तथा जग्गा सुरक्षण दिने धनकुमारी पुनले बैंकको ऋण तिर्न मञ्जूर गरी निज धनकुमारी पुन र बैंकबीच ऋण तिर्न र बैंकले घर जग्गा फुकुवा गर्न मञ्जूरी भै मिति २०६६।१२।१५ मा ऋण असूली न्यायाधिकरणमा मिलापत्र गरेको र मिलापत्रअनुसार सो रकम विपक्षी धनकुमारी पुनले नेपाल बैंक लिमिटेडलाई चुक्ता गरी नेपाल बैंक लिमिटेड प्रधान कार्यालय जोखिम व्यवस्थापन डिभिजनले विपक्षी धनकुमारी पुनको रोक्का भएको काठमाडौं का.म.न.पा.वडा नं. २९ को कि.नं. ३६३ समेतका जग्गा फुकुवा गरी दिनु भनी मालपोत कार्यालय डिल्लीबजारलाई मिति २०६६।१२।५ मा पत्र लेखेको र विपक्षी होटेल र होटेलका शेयरधनीको कालो सूची र पासपोर्ट रोक्का राखिएको कार्यहरू हटाउन सम्बन्धित निकायमा पत्राचार गरी सकेको भनी धनकुमारीलाई मिति २०६६।१२।१८ को पत्रबाट जानकारी दिएको पत्र लगाउको रिट नं. ८१० को मिसिल संलग्न रहेको देखिएको र सो बैंकको पत्रको आधारमा अर्थ मन्त्रालयले होटेल सेन्टर प्वाइन्ट प्रा.लि. र त्यसका शेयरधनीहरूको राहदानी जफतको कारवाही फुकुवा गर्ने भनी मिति २०६६।१।३ मा नेपाल राष्ट्र बैंकलाई लेखेको पत्र नेपाल बैंक लिमिटेड प्रं. का. जोखिम व्यवस्थापन डिभिजनले नेपाल बैंक लिमिटेड काठमाडौं अफिसलाई निवेदक राकेश धमलाको धरौटी रकम र त्यसको ब्याज समेत फिर्ता दिन २०६५।३।३ मा लेखेको पत्र, निवेदकको धरौटी रकम फिर्ता पाऊँ भन्ने २०६५।३।२६ को निवेदन एवं राकेश धमलाले २०६५।३।३० मा धरौटी रकम र त्यसको ब्याज रकम समेत बुझेको भौचरको प्रतिलिपि ने.बै.लि. का कानून व्यवसायीले आज बेञ्चसमक्ष पेश गरेबाट बैंकको ऋण चुक्ता भैसकेको र बैंकमा रमेश धमलाले टेण्डर प्रस्ताव स्वीकृत हुँदा राखेको धरौटी रकम समेत बुझी फिर्ता लगिसकेको अवस्थामा विवाद नै समाप्त भैसकेको देखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०४९३, जग्गा खिचोला चलन, *नेत्रबहादुर आले मगर वि. लेखकुमार घिमिरे*

वादी लेखकुमार शर्माको कि.नं. ५३ मा क्षे.फ.२-२-३ जग्गा भएकोमा निजको भोग चलन केवल क्षे.फ. १-१२-१२-१० जग्गामा मात्र भएको र प्रतिवादी नेत्रबहादुर आलेको कि.नं. २६६ र कि.न. ४१८ मा जम्मा क्षेत्रफल ०-१३-० भएकोमा न.नं. १, ३ र ४ को जग्गामा प्रतिवादीको भोगचलन रहेको

देखिँदा निजको क्षेत्रफल १-०-१९-११/२ जग्गामा भोगचलन कब्जा रहेको देखिन आयो । वादीको हकको कि.न. ५३ को क्षेत्रफलभन्दा कम जग्गामा भोग चलन कब्जा रहेको र प्रतिवादीको कि.न. २६६ र कि.न. ४१८ को क्षेत्रफलभन्दा बढी जग्गामा भोगचलन कब्जा भएको देखिँदा यी प्रतिवादी नेत्रबहादुर आले मगरले फिराद दावीअनुसार वादीको कि.न.. ५३ को जग्गाको दक्षिण तर्फबाट क्षे.फ. ०-७-१० जग्गा चापी मिची घुसाई खिचोला गरेको देखिँने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४ सालको फौ.पु.न. ०३४०, लुटपीट, *नेत्रबहादुर आलेमगर वि. लेखकुमार शर्मा घिमिरे* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१४

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०२४७, जबर्जस्ती करणी, *नेपाल सरकार वि. पदमराज खरेल समेत*

उमेरको राय दिने डा. हरिहर वस्तीले अदालतमा २०६०।५।५ मा बकपत्र गर्दा मैले अनूप खरेलको शारीरिक जाँच गर्दा निजको उमेर १२ वर्षदेखि १४ वर्षभित्रको भएको पाएको छु । उमेर थाहा पाउनका लागि निजको शारीरिक विकास, बयष्कताका लक्षणहरू, दाँतको विकास र हड्डीमा पाउने विकासका लक्षणहरू अध्ययन गरिन्छ । माथिका पहिलो दुई ग्रुपका लक्षणहरू त्यति भरपर्दो हुँदैनन्, पछिल्लो दुई ग्रुपमा पाइएका लक्षणहरूलाई मुख्य आधार मानिन्छ भनी बकपत्र गरेको समेतबाट प्रतिवादी अनूप खरेलको उमेर १३ वर्षभन्दा माथि रहेछ भन्न मिल्ने देखिँदैन । यस अवस्थामा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२)अनुसार कैद ६ महिना हुने, ऐ.दफा ३क अनुसार थप सजाय नहुने ठहऱ्याएको र प्रतिवादी अनूप खरेलको अंशबाट आधा अंश पीडित जाहेरवालीले पाउने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६७ बैशाख २७ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ५०, निषेधाज्ञा, *धनकुमारी पुन वि. बलबहादुर पुन समेत*

पुनरावेदक निवेदक धनकुमारी पुनले होटल सेन्टर प्वाइन्ट प्रा.लि. ले बैंकलाई तिर्नुपर्ने रकम नतिरे पनि सुरक्षण धनी मैले होटेलको कर्जा चुक्ता (राफसाफ) गरी सुरक्षणमा रहेको मेरो घर जग्गा फुकुवा गराई फिर्ता लिई सकेको हुँदा प्रस्तुत मुद्दा तामेलीमा राखी पाऊँ भन्ने व्यहोराको निवेदन पुनरावेदक आफैंले यस अदालतमा दिई सनाखत समेत गरेको निवेदन मिसिल सामेल रहेको र यसै लगाउको यिनै पुनरावेदक निवेदक र पुनरावेदन अदालत पाटन समेत विपक्षी भएको रि.नं. ८१० को उत्प्रेषणको निवेदनमा सोही व्यहोरा जनाई तामेलीमा राख्न निवेदन माग गरेअनुसार यसै इजलासबाट आजै सो रिट निवेदन तामेलीमा राख्ने आदेश भएको समेतका आधार कारणबाट प्रस्तुत मुद्दाको विवादको विषयको तथ्यभित्र प्रवेश गरी इन्साफ गर्नुपर्ने अवस्था विद्यमान नरहेको समेतबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लिलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ बैशाख ९ गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०५३२, निषेधाज्ञा, *वीरेन्द्र सिंह विश्वकर्मा वि. सिद्धार्थ फाइनान्स लिमिटेड समेत*

विपक्षी सिद्धार्थ फाइनान्स कं.ले दावीको घर जग्गा लिलाममा सकार गरेकोमा सो कम्पनीउपर निवेदकले लिलाम बदर मुद्दा दिई पुनरावेदन अदालतमा विचाराधीन रहेको देखिँदा निवेदक स्वयंले अधिकार संरक्षणको लागि वैकल्पिक कानूनी उपचारको बाटो अवलम्बन गरिसकेको देखिँदा खारेज हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

१७

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं.०८५२, परमादेश, *रीता गिरी वि. जिल्ला प्रहरी कार्यालय मोरङ्ग समेत*

कानूनबमोजिमको कर्तव्य तोकिएको पदाधिकारी र कार्यालयले कर्तव्य पालन नगरेको अवस्थामा कर्तव्य पालन गर्न गराउन परमादेशको आदेश जारी गर्नुपर्नेमा पुनरावेदक निवेदकको परमादेशको निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत बिराटनगरको मिति २०६४।६।१४ को आदेश मिलेको नदेखिँदा बदर हुन्छ । निवेदकले जाहेरी दरखास्त दिन पाउने र विपक्षीहरूले दरखास्त दर्ता गरी अनुसन्धान तहकीकात गर्नु पर्नेमा सो गरेको नदेखिँदा त्यस कार्यालयबाट निवेदिका रीता गिरीलाई झिकाई निजको जाहेरी दरखास्त दर्ता गरी अबिलम्ब अनुसन्धानको कार्य प्रारम्भ गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

१८

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको स.फौं.पु.नं. ०२००, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. गञ्जराज सैनी समेत*

सामान्य ऐनले पीडितको बयान प्रमाणित गर्ने व्यवस्था नगरेको र विशेष ऐनले बयान प्रमाणित गर्नुपर्ने कार्यविधिको व्यवस्था गरेको स्थितिमा दुबै कानूनबीच द्विविधा सिर्जना भएको स्थिति नै छैन । यी दुबै कानून एकअर्काको परिपूरकको रूपमा लागू भैरहेको देखिँदा विशेष ऐनअनुसार बयान गराएको र प्रमाणित गर्ने गराउने गरेको कार्य कानूनसम्मत छैन भन्न मिल्ने देखिँदा त्यस्तो प्रमाणित बयानले मान्यता पाउँदैन र प्रमाणमा लिनु हुँदैन भन्ने प्रत्यर्थी प्रतिवादीको जिकीर मनासिब देखिएन । अतः मागदावी मुलुकी ऐन जीउ मास्ने बेच्नेको महलको भए पनि पुनरावेदन अदालत तुलसीपुरले जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को आधारमा प्रतिवादी रामचन्द्र सैनी र गञ्जराज सैनीलाई कसूर ठहर गरेको निर्णयलाई त्रुटिपूर्ण हो भन्न नमिल्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

१९

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ३३२३, उत्प्रेषण समेत, *गौतम भट्ट वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अस्थायी शिक्षकमा नियुक्त निवेदकको पदावधि नै समाप्त भैसकेको र निजले अनुचित काम गरेको अवस्थामा छानबीन गरी आवश्यक निर्णय गर्ने, शिक्षा कार्यालय र विद्यालयलाई आवश्यक निर्देशन र सुझाव दिन पाउने अधिकार आयोगलाई भएको देखिँदा आयोगको मिति २०६२।१२।११ को निर्णय र निर्देशन तथा जिल्ला शिक्षा कार्यालय काठमाडौंले निवेदकलाई पदबाट हटाउने मिति २०६२।१२।२० मा गरेको निर्णय समेतका काम कारवाहीमा कुनै त्रुटि भएको नदेखिने ।

इजलास अधिकृत : लिलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ असार २२ गते रोज ३ शुभम् ।

२०

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको स.फौं.पु.नं. ०४८७, ०६९९, ००९३, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि.नरसिंह धामी, कमला धामी वि. नेपाल सरकार, नरसिंह धामी वि. नेपाल सरकार,*

कुनै कारणले जाहेरवाली पीडितहरू अदालतमा उपस्थित भै बकपत्र गर्न नसकेको अवस्थामा त्यस्तो बयानलाई मान्यता दिने प्रयोजनको लागि नै जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ६ मा सरकारी वकीलबाट बयान गराएको २४ घण्टाभित्र अदालतबाट सो बयान प्रमाणित गराउने व्यवस्था गरेको हो । विशेष कानूनले गरेको व्यवस्थाअनुसार पीडित जाहेरवालीहरू अदालतमा उपस्थित भै बकपत्र गर्न नसके पनि निजहरूले गरेको बयान अदालतबाट २०६२।९।३ मा

प्रमाणित भएको देखिँदा प्रमाणमा लिन मिल्दैन भन्न मिल्ने देखिएन । यस्तो अवस्थामा प्रमाण ऐन, २०३१ को सामान्य व्यवस्था आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल जेठ २६ गते रोज ४ शुभम् ।

२१

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको फौ.पु.नं. ०६०३, ०६६५ जबर्जस्ती करणी, *नेपाल सरकार वि. अभिनारायण श्रेष्ठ, अभिनारायण श्रेष्ठ वि. नेपाल सरकार*

नारी अस्मिता, मर्यादा एवं प्रतिष्ठा अर्थात् नारीको अभौतिक (Incorporal) सम्पत्तिको विषयमा भौतिक क्षति (Corporal Injury) खोजी त्यसको मापनको आधारमा कसूर कायम गर्न खोज्नु न्यायको विवेकसम्मत आधार हुन सक्तैन । जबर्जस्ती करणीको १ नं. लाई लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले संशोधन गरी "योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि त्यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिने छ" भनी स्पष्टीकरणको (ग) मा व्यवस्था गरी सकेको अवस्थामा जबर्जस्ती करणी भएन भन्न मिलेन । यस स्थितिमा जबर्जस्ती करणीको महलको १ नं को संशोधनपूर्वको कानूनी व्यवस्थाको आधारमा भएका नजीर अवलम्बन गरी जबर्जस्ती करणीको उद्योग गरेको ठहर कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : लिलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल जेठ २६ गते रोज ४ शुभम् ।

२३

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०१८०, जीउ मास्ने बेच्ने, *सविना रम्तेल भट्टराई वि.नेपाल सरकार*

प्रतिवादी सरिता रम्तेल भट्टराइले छ कुमारीलाई बिक्री गर्ने मतसल्लाहअनुसार भारत दिल्लीको आगरा बेश्यालयमा पुऱ्याएको र त्यहाँबाट भागी आएको तथ्य जाहेरी दरखास्त, निजको प्रमाणित बयान र प्रतिवादीको मौकाको बयानबाट देखिएको अवस्थामा जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ बमोजिम पीडितलाई भारत लगेको कार्य सो ऐनले निषेधित गरेको कार्य गर्नको लागि लगेको होइन भन्ने र पीडितको अदालतको प्रमाणित बयान झूट्ठा हो भनी प्रमाणित गर्नुपर्ने दायित्व अभियुक्त (प्रतिवादी) उपर रहेको सन्दर्भमा अदालतमा इन्कारी हुनु बाहेक अन्य कुनै कागज प्रमाणबाट कसूर गरेको होइन भनी पुष्टि गर्न नसकेको अवस्थामा यी प्रतिवादीले राजन नेपालीको योजना र सहमतिमा छ कुमारीलाई भारतको दिल्लीमा पुऱ्याई आगरा बेश्यालयमा बिक्री गरेको पुष्टि हुँदा जीऊ मास्ने बेच्ने कार्य नियनत्रण ऐन, २०४३ को दफा ४(क) को कसूर गरेको देखिँदा निजलाई ऐ.ऐनको दफा ८(१) नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृत : लिलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल जेठ २६ गते रोज ४ शुभम् ।

२४

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको साधक नं. ००१८, ०५८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तेन्जिङ्ग नोर्बु गुरूङ्ग, तेन्जिङ्ग नोर्बु गुरूङ्ग वि. नेपाल सरकार*

छुरी प्रहार गरेको भए छुरीमा रगत लाग्नु पर्ने भन्ने तथ्यको हकमा छुरी प्रहार पश्चात् पानी भएको गाग्रीले प्रहार गरेको देखिँदा पानीले छुरी पखालिन सक्ने अवस्थाको विद्यमानता हुँदा छुरीमा रगत नलागेको कारणले मात्र छुरी प्रहार भएको होइन भन्न मिल्ने नदेखिने ।

गुम्बामा पूजा गर्न धेरै मानिस उपस्थित भएको अवस्थामा, मृतकले प्रतिवादीलाई जबर्जस्ती गुम्बामा लगेको अवस्था पनि छैन । दुबै जना विवादकै क्रममा गुम्बामा गएको अवस्थामा प्रतिवादीले मृतकउपर छुरी प्रहार गरेका र त्यसपछि पनि पटक-पटक गाग्रीले प्रहार गर्दा सो प्रहारको चोटबाट मृतकको मृत्यु भएको देखिँदा आत्मरक्षाको प्रकृति र परिवेश नदेखिएको कारण प्रतिवादीको क्रिया आत्मरक्षाको अधिकारअन्तर्गत छूट पाउने अवस्थाको देखिन नआउने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६७ साल जेठ २६ गते रोज ४ शुभम् ।

२५

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ३३२२, उत्प्रेषण समेत, *पदमराज भुसाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

निवेदक जि.शि.का. काठमाडौंको मिति २०६७।१।९ को पत्रले सोही गुहेश्वरी मा.वि. सिनामंगलमा नै काज फिर्ता भएको एवं निजको स्थानमा काज सरूवा भै आएका लबकुमार जोशीको समेत पदाधिकार रहेको पशुपति मित्र मा.वि. चाबहिलमा काज फिर्ता भएको देखिँदा निवेदक पदमराज भुसाल र विपक्षी लबकुमार जोशीलाई काज सरूवा गर्ने निर्णय समेतका काम बदर गरी पाउन दिएको प्रस्तुत निवेदनको औचित्य नै समाप्त भैसकेको देखिँदा निवेदकलाई काज सरूवा (काजमा राख्ने) गर्ने जिल्ला शिक्षा कार्यालय काठमाडौंको मिति २०६२।१२।२० को निर्णय र पत्र तथा सोही मितिमा लबकुमार जोशीलाई काज सरूवा गर्ने निर्णय र पत्र समेतका काम कारवाही बदर गरी रहन नपरी रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

२६

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं.३४६४, परमादेश, *अञ्जू न्यौपाने वि. नेपाल इन्भेष्टमेन्ट बैंक लि. दरबारमार्ग समेत*

लिलाम सकार गरी लिएको शेयर र खरीद वा अन्य तरिकाबाट प्राप्त भएको शेयरको हक अधिकार र सुविधाको सम्बन्धमा कानूनले कुनै विभेदकारी व्यवस्था नगरेको सन्दर्भमा लाभांश, बोनस शेयर र हकप्रद शेयर वितरण गर्ने निर्णय गर्दाको समयमा लिलाम सकार गरी लिएको शेयर निवेदिकाको नाममा कम्पनीमा दर्ता भै निवेदिका नियमबमोजिमको दर्तावाला शेयरधनी भै नसकेकी र हकप्रद शेयरको आवेदन समेत म्यादभित्र नपरेको स्थितिमा निवेदिकाले कम्पनी कानून एवं वित्तीय संस्थासम्बन्धी कानूनले निर्धारण गरेको प्रक्रिया, पद्धति र शर्तहरू पूरा नगरेको कारण निजले कम्पनीको लाभांश बोनस शेयर र हकप्रद शेयर प्राप्त हुन नसक्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

२७

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री रणबहादुर बम,** २०६६ सालको रिट नं. ००४९, बन्दीप्रत्यक्षीकरण, *कल्पना लिम्बू समेत वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

निवेदकहरूले प्रहरी कर्मचारीहरू उपर अभद्र र अश्लील व्यवहार गरे भनी नेपाल सरकारले निवेदन गर्ने व्यक्तिहरू उपर आजै अभियोगपत्र तयार गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मुद्दा दर्ता गर्न लागेको छ भनी विपक्षीको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले बहसको क्रममा सम्बन्धित अभियोगपत्र सहितको मिसिलको प्रतिलिपि पेश गरेकोले यी निवेदकहरूले केही सार्वजनिक अपराधको कसूर गरेका हुन् वा होइनन्, सरकारले छानबीन अनुसन्धान गरी मुद्दा चलाउन पाउने नै देखिँदा कानूनअनुसार मुद्दा हेर्ने अधिकारीबाट थुनामा राख्न अनुमति लिई थुनामा राखी मुद्दा दर्ता गरेको देखिँदा कारवाहीयुक्त अवस्थामा रहेको विषयमा उसै मिसिलबाट ठहरेबमोजिम हुने हुनाले सो मुद्दाको कारवाहीलाई हस्तक्षेप हुने गरी तत्कालको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हने अवस्था नहुने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
संवत् २०६७ साल चैत १९ गते रोज ५ शुभम् ।

२८

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री रणबहादुर बम,** २०६४ सालको स.फौ.पु.नं. २२१, ३०४, लागू औषध खैरो हिरोइन, *सतीशकुमार अग्रवाल वि. नेपाल सरकार, नेपाल सरकार वि. रविन्द्र यादव समेत*

प्रतिवादी सतीशकुमार अग्रवाल अदालतमा कसूरमा इन्कार भए पनि इन्कारीलाई प्रमाणित गर्न नसकेको, निजबाट लागू औषध बरामद भएको

रीतपूर्वकको बरामदी मुचुल्का भएको, बरामदी मुचुल्काका मानिस रामेश्वर पाण्डे समेतले अदालतमा आई बकपत्र गर्दा बरामदी मुचुल्काको सही मेरै हो, मानिस नपुग्दा मलाई पनि साक्षी राखेको भनी प्रतिवेदन दिने प्रहरी कर्मचारी समेतले लागू औषध सतिशकुमार अग्रवालबाट नै बरामद भएको भनी बकपत्र गरेको, समेतको आधार प्रमाणबाट निज प्रतिवादीले कसूर गरेको प्रमाणित हुन आएकोले प्रतिवादी सतीशकुमार अग्रवालले कसूर गरेको देखिँदा निज प्रतिवादी सतीशकुमार अग्रवाललाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) (ङ)(च) को कसूरमा ऐ. ऐनको दफा १४(१)(छ)(३) अनुसार १६ वर्ष कैद र रू. ७,००,०००।- जरीवाना हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

२९

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको रिट नं. ०६५-WO-०२६१, उत्प्रेषणयुक्त परमादेश, *कमलबहादुर चित्रकार समेत वि. गृह मन्त्रालय समेत*

*विस्*खेलकुद विकास ऐनको दफा १३(१) अनुरूप कानूनबमोजिम दर्ता भई क्रियाशील भएको संस्था मात्र राष्ट्रिय खेलकूद परिषद्मा दर्ता हुन सक्नेमा विपक्षी नेपाल ओलम्पिक कमिटी कानूनबमोजिम दर्ता भइरहेको संस्था नदेखिएको, निवेदक र विपक्षी कमिटीको आधिकारिकता सम्बन्धमा गृहमन्त्रीबाट पहिला मिति २०६५।३।१० मा भएको निर्णयभन्दा भिन्न किसिमले मिति २०६५।६।१५ मा भएको निर्णय गर्ने अधिकार समानस्तरको पदाधिकारी गृहमन्त्रीलाई नभएको, सो मितिमा निर्णय गर्दा निवेदक कमिटीलाई प्रतिवाद गर्ने मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तको पालना नगरिएको तथा केवल २०६२ सालमा राष्ट्रिय खेलकुद परिषद्मा दर्ता गरेको विपक्षी कमिटीलाई साविक २०५४ सालमा दर्ता भै अस्तित्वमा रहेको निवेदक नेपाल ओलम्पिक कमिटीको निरन्तरता हो भनी भन्न नसकिने आधार एवं कारणबाट विपक्षी नेपाल ओलम्पिक कमिटीलाई आधिकारिक मान्यता प्रदान गर्ने गरी भएको मिति २०६५।६।१५ को गृहमन्त्रीस्तरीय निर्णयमा खेलकूद विकास ऐन, २०४८ को दफा १३ को प्रत्यक्ष कानूनी त्रुटि देखिएकोले निवेदन मागबमोजिम सो मिति २०६५।६।१५ को निर्णय तथा सो निर्णय कार्यान्वयन गर्न विभिन्न निकाय अधिकारीहरूमा गरिएको पत्राचार समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । सो मिति २०६५।६।१५ को निर्णय बदर भएकाले यस सम्बन्धमा गृहमन्त्रीबाट अघि मिति २०६५।३।१० मा भएको निर्णय नै कानूनबमोजिम कायम रहिरहेको अवस्था देखिँदा सो निर्णय कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : रामशरण तिमल्सेना

इति संवत् २०६७ साल असोज १८ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६५ सालको रिट नं. ०६५-WO-०१४८, उत्प्रेषण परमादेश, *कमलबहादुर चित्रकार समेत वि. युवा तथा खेलकुद मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३०

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०४९, ०६७८, ०२९६, अंश चलन, *इन्द्रबहादुर चित्रकार समेत वि. रमेश चित्रकार समेत, सानुराजा चित्रकार वि. रमेश चित्रकार समेत, लक्ष्मी चित्रकार वि. रमेश चित्रकार समेत*

अन्य अंशियारको सहमतिबेगर एकासगोलको अंशियारले सगोलमै अर्को अंशियारलाई सगोलमै सम्पत्तिबाट दिएको बकसपत्रबाट बकसपत्र प्राप्त गर्नेको मात्र निजी ठहरी बण्डा नलाग्ने भनी छूट नपाउने र निजी आर्जनबाट खरीद गरेको भनी प्रमाणित नभएको अवस्थामा प्रतिवादीहरूले विभिन्न मितिमा खरीद गरेको जग्गाहरू सगोलको आय आर्जनबाट खरीद गरेको सगोलको सम्पत्ति मान्नुपर्ने ।

प्रतिवादी इन्द्रबहादुर चित्रकार र कृष्णबहादुर चित्रकारको संयुक्त नाम दर्ता रहेको कि.नं. ४६३ को जग्गामध्ये अंशियार नदेखिएका कृष्णबहादुर चित्रकारको आधा हक बाहेक गरी आधाबाट मात्र बण्डा पाउने ठहऱ्याउनु पर्नेमा सो

जग्गा पूरै बण्डा गर्ने ठहऱ्याएको हदसम्म केही उल्टी गरी इन्द्रबहादुरको हक हुने कि.नं. ४६३ को आधा जग्गा प्रतिवादी इन्द्रबहादरले पेश गरेको तायदातीको सम्पूर्ण सम्पत्तिबाट ४ खण्डको १ खण्ड अंश वादीहरूले पाउने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

३१

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको स.फौ.पु.नं. ०२६९, ०११७, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. प्रेमकुमारी चौधरी, प्रेमकुमारी चौधरी वि. नेपाल सरकार*

प्रतिवादीले तालिमको बहाना बनाई रिमबहादुर गन्धर्व र भुवन गुरूङ्ग समेतसँग मिली जीउ मास्ने बेच्ने उद्देश्यले पीडित च र ज्ञ कुमारीलाई भारतमा लगी बिक्री गरेको देखिएको अवस्थामा सो कार्य गरेको होइन, भारत विदेशमा लगेको होइन भनी जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०३३ को दफा १२ बमोजिम सो कुराको प्रमाणित गर्ने भार यी प्रतिवादीउपर नै रहेको हुँदा सो कुरा होइन भनी अन्यथा प्रमाणित गर्न नसकेको अवस्थाबाट पनि प्रतिवादी सो कार्यमा संलग्न छैनन् भन्न नमिल्ने हुँदा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(१) अनुसारको कसूरमा ऐ. ऐनको दफा ८(१) अनुसार जनही १० वर्ष कैद गरेको हदसम्म शुरूको फैसला सदर गरेको र बिगो खुलेको अवस्थामा पनि बिगो खुलेन भनी जरीवाना तर्फको दावी नपुग्ने ठहर गरेको शुरू जिल्ला अदालतको फैसला जरीवाना नगरेको हदसम्म केही उल्टी गरी प्रतिवादीहरूलाई जनही रू. १,००,०००।- (एकलाख) जरीवाना हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल चैत १८ गते रोज ४ शुभम् ।

३२

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ०८१५, ०६७७, अंश चलन, *सुशीला श्रेष्ठ वि. इन्दुकला सुब्बा लिम्बू श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ वि. इन्दुकला सुब्बा लिम्बू श्रेष्ठ समेत*

वादी इन्दुकला सुब्बा श्रेष्ठले आफू र संरक्षक भै आफ्नो नाबालक छोरा प्रणभ श्रेष्ठको तर्फबाट समेत अंश मुद्दा दिएको सन्दर्भमा वादी विष्णुप्रसाद श्रेष्ठ समेतले हामीले नै प्रणभको रेखदेख शिक्षा दीक्षा दिएको र बीमा समेत गरी दिएको भनी संरक्षक आफू भएको भनी बीमाको कागजात पेश गरेको देखिन्छ । सगोलको अवस्थामा नातिको बीमा गरिदिएको कारणले सदाको लागि संरक्षक पनि बाजे बज्यै नै हुनुपर्छ भन्ने होइन । नाताको हिसाबले पनि प्रणभ श्रेष्ठको आमा नजिककी भएकी र हाल बाबु राजीब श्रेष्ठको मृत्यु भैसकेको भन्ने दुबै पक्षको भनाई देखिँदा नजिककी आमा नाताकी इन्दुकला सुब्बा श्रेष्ठ नै प्राकृतिक संरक्षक मान्नुपर्ने हुन्छ । प्रणभ श्रेष्ठको संरक्षक इन्दुकला सुब्बा श्रेष्ठ भएको र वादीहरू प्रतिवादी विष्णुप्रसाद श्रेष्ठको छोरा राजीब श्रेष्ठको पत्नी छोरा भएको तथा निजहरूलाई इज्जत आमदअनुसार खान लाउन दिएको भए इज्जत आमदअनुसार खान लाउन दिएनन् भनी प्रतिवादीहरूउपर अदालतमा मुद्दा गर्न आउनु पर्ने अवस्था नै पर्ने थिएन । वादीहरूलाई प्रतिवादीहरूले इज्जत आमदअनुसार खान लाउन नदिई घरबाट निकाला गरेको देखिँदा वादीहरूले भएको सगोलको श्रीसम्पत्तिबाट अंश पाउने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

३३

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ०३८६, अंश चलन, *ब्रम्हदेवप्रसाद थारू वि. झलहीदेवी थरूनी समेत*

निजी आर्जनको सम्पत्ति हो भनी प्रमाणित नभएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार एकाघरसँगका अंशियारहरू मध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ भन्ने व्यवस्थाअनुसार पुनरावेदक प्रतिवादी रामदेवप्रसाद महतोको नाममा रहेको कि.नं. ९१ र कि.नं. ७६३ को जग्गा सगोलको मान्नुपर्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

३४

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको रिट नं. २७७९, उत्प्रेषण समेत, *बिक्रम पाण्डे वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

सम्झौतामा मध्यस्थको संख्या नतोकेको अवस्थामा प्रस्तुत रिट निवेदकका पक्षहरू बीच उत्पन्न विवाद समाधान गर्न नियुक्त हुनु पर्ने मध्यस्थको संख्या तीन नै हो । तर यो तीन जनाको संख्या पुऱ्याउन पुनरावेदन अदालतले दुई जना मध्यस्थ नियुक्त गर्न पाउने अख्तियार प्रचलित कानूनले दिएको देखिँदैन । विपक्षी सडक विभागले आफ्नो तर्फबाट इञ्जिनियर दीपक भट्टराईलाई मध्यस्थ नियुक्त गरेपछि निजको नियुक्ति ठीक बेठीक भन्ने अधिकार रिट निवेदकलाई नहुने र सडक विभागले निज दीपक भट्टराईलाई आफ्नो तर्फबाट मध्यस्थ नियुक्त गरिसकेपछि निजको नियुक्ति सडक विभागले पनि रद्ध गर्न नपाउने र निजले स्वेच्छाले राजीनामा नदिएसम्म नियुक्ति कायम रहने अवस्थामा निजको नियुक्ति पहिलो मध्यस्थको रूपमा रहने कुरा निर्विवाद रहेकोले र मध्यस्थ नियुक्त गर्न इन्कार गर्ने पक्ष अर्थात् रिट निवेदकको तर्फबाट पुनरावेदन अदालतले नियुक्त गरेको मध्यस्थ दोस्रो मध्यस्थ हुने र यी दुई मध्यस्थले नियुक्त गरेको मध्यस्थ तेस्रो मध्यस्थ हुने भई तीनै जना मध्यस्थको नियुक्तिको प्रक्रिया सम्पन्न हुने भन्ने कुरा मध्यस्थता ऐन, २०५५ को दफा ६(४) र UNCITRAL Arbitration Rule को दफा ७(१) मा गरिएको व्यवस्थाबाट स्पष्ट देखिन्छ । यस्तो अवस्थामा विवादका दुई पक्षको तर्फबाट नियुक्त मध्यस्थले तेस्रो मध्यस्थ नियुक्त गरी मध्यस्थको संख्या तीन जना कायम हुनु पर्नेमा सो संख्या पुऱ्याउनको लागि पुनरावेदन अदालत पाटन आफैंले दुईजना मध्यस्थ नियुक्त गर्ने कार्य अनाधिकार तथा क्षेत्राधिकारविहीन देखिँदा रिट निवेदकले आफ्नो तर्फबाट दोस्रो मध्यस्थ नियुक्त नगरेको कारणले मध्यस्थको प्रक्रियाबाट विवाद निरोपण गर्ने कार्य अवरूद्ध भइरहेको देखिएकोले विवाद निराकरणको क्रममा देखिएको उक्त अवरोध हटाउन र न्यायमा सहजता समेत प्रदान गर्ने दृष्टिले अपरिहार्य भएको देखिँदा विपक्षी सडक विभागले यी रिट निवेदकको तर्फबाट मध्यस्थ नियुक्त गरी पाऊँ भनी दोस्रो मध्यस्थको नियुक्तिको लागि दिएको निवेदनमा कानूनबमोजिम यी रिट निवेदकको तर्फबाट दोस्रो मध्यस्थ नियुक्त गर्नु भनी पुनरावेदन अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

३५

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ११०४, उत्प्रेषण, *रघुनाथ कोहार वि. पुनरावेदन अदालत बुटवल समेत*

जुन जग्गा निवेदकका नाउँमा दर्ता कायम भएको हो सो दर्ता नै निजको नाउँमा कायम रहन नसक्ने ठहरी जिल्ला अदालतबाट फैसला भैसकेको र सो फैसलाउपर यी निवेदकको पुनरावेदन परिसकेको अवस्थामा यदि उक्त फैसला कानूनी त्रुटिपूर्ण र प्रमाणको उचित मूल्याङ्कन नगरी गरिएको भए पुनरावेदन अदालतबाट त्यस सम्बन्धमा निर्णय हुने नै देखिन्छ । यस स्थितिमा दावीको जग्गा रोक्कासम्म राख्ने गरेको पुनरावेदन अदालतको निर्णयबाट निवेदकको कानूनी र सवैधानिक हक अधिकारमा असर परेको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल साउन १६ गते रोज १ शुभम् ।

३६

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ००३७, उत्प्रेषण, *तारालक्ष्मी श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन समेत*

एकाघर संगका अंशियारहरू मध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सगोलको सम्पत्ति हो भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अदालतले अनुमान गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यसरी निवेदक र निजका छोरा नरेशकुमार एकासगोलमा रहेको अवस्थामा निजको नाउँमा भएका घर

जग्गाबाट अन्य अंशियार नभै एकासगोलको छोरा नरेशकुमार प्रतिवादी भएको मुद्दाको बिगो भराउन नमिल्ने भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल साउन १६ गते रोज १ शुभम् ।

३७

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०६८३, उत्प्रेषण, *कृष्णबहादुर उप्रेती वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकले प्राप्त गरेको जनस्वास्थ्य अधिकृत भन्ने पदनाम उल्लेख नगरी जनस्वास्थ्य निरीक्षक पदनाम दिई निवेदकलाई सरूवा गरिएको कार्य कानूनअनुरूपको देखिन नआएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल साउन १६ गते रोज १ शुभम् ।

३८

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०३५१, उत्प्रेषण, *अच्यूतबिक्रम राणा समेत वि. भूमिसुधार कार्यालय बबरमहल समेत*

भूमिसम्बन्धी ऐन, २०२१ ले लिखतको सद्दे कीर्ते छुट्याई निर्णय गर्ने अधिकार भूमिसुधार कार्यालयलाई प्रदान गरेको नदेखिँने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल साउन १६ गते रोज १ शुभम् ।

३९

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३४०७, उत्प्रेषण, परमादेश समेत, *तरूणकुमार सञ्चेती समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्बाट समेत कक्षा सञ्चालन गर्न अनुमति लिई कक्षा सञ्चालन गरिरहेको र हाल कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनीको रूपमा समेत दर्ता भैसकेको निवेदक कलेजलाई आफ्नो भनाई राख्ने मौका नै नदिई एकपक्षीय रूपमा सञ्चालनमा रोक लगाउने र Medical Practice समेत नगर्नु भनी बन्देज लगाउने जो कार्य गरिएको छ सो त्रुटिपूर्ण रहेको देखियो । त्यसैले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६२।११।२१ को निर्णय र सोअनुसारको पत्र तथा आयोगको सो पत्रको आधारमा कलेज सञ्चालनमा रोक लगाउने गरी भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६३।१।१९ को निर्णय र सो निर्णयअनुसारको मिति २०६३।१।२० को पत्र समेतका काम कारवाही कानूनसम्मतको नदेखिँदा उपरोक्त निर्णय तथा पत्रहरू समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

४०

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २७७१, उत्प्रेषण, परमादेश समेत, *डिलाराम पाण्डे समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

लुम्बिनी चिनी कारखानालाई निजीकरण गर्ने नीतिगत निर्णय गरी निजीकरण ऐन, २०५० को दफा ४ अनुसार निजीकरण समितिको सिफारिशमा उक्त ऐनको दफा ८(ग) र (च) मा उल्लिखित निजीकरणको प्रक्रियागत ढाँचा (Model) अन्तर्गत सोही ऐनको दफा १६(१) मा गरिएको व्यवस्थाअनुसार कारखानालाई २०६२।३।२९ देखि खारेज गर्ने र कारखानाको भौतिक सम्पत्ति वाणिज्य तथा आपूर्ति मन्त्रालयमा स्वामित्व हस्तान्तरण गरी घर जग्गा भाडामा लगाउने, मेसिन बिक्री गर्ने तथा त्यसमा कार्यरत् कर्मचारीहरूलाई २०६२।५।१ देखि अवकाश दिई कर्मचारी कामदारहरूलाई कारखानाको कर्मचारी सेवा शर्त सुविधासम्बन्धी विनियमावलीमा उल्लेख भएअनुसारको सुविधाको अतिरिक्त प्रत्येक वर्ष कारखानामा स्थायी भै काम गरेको सेवा अवधिको एक महिना बराबरको शुरू तलब थप सुविधा दिने निर्णय गरी निजीकरण ऐन, २०५० को दफा १६(१)

बमोजिम मिति २०६२।३।२९ मा खण्ड ५५ अतिरिक्ताङ्क २३ (उ+१) नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारले लुम्बिनी चिनी कारखानालाई निजीकरण गरेको कार्य कानूनी प्रक्रिया पूरा गरी विधिसम्मत तरिकाबाट भए गरेको देखिँने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

४१

**मा.न्या.श्री खिलराज रेग्मी र मा. न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २९६१, उत्प्रेषण समेत, *भौतिक योजना तथा निर्माण मन्त्रालय वि. वाइबा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. सामाखुसी काठमाडौं समेत*

करारमा उल्लेख गरिएको शर्तबमोजिम विपक्षी वाइबा कन्स्ट्रक्सन कं. प्रा.लि.ले निज र Employer बीच उठेको विवाद समाधान गर्न वाईबा कन्स्ट्रक्सन कं. ले आफ्नो दावी Adjudicator; समक्ष पेश गरी Adjudicator ले गरेको निर्णयउपर यी निवेदकले मध्यस्थसमक्ष दावी पेश गरेको देखिन्छ । ती दुई तहबाट निर्णय भएपश्चात् निवेदकले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्दा त्यहाँबाट समेत मध्यस्थताको निर्णय सदर भै अन्तिम भएको देखिन्छ । विवादको सुनुवाई गर्ने निकायहरूबाट तह-तह गरी निर्णय भै सकेको र उक्त निर्णयहरूमा प्रत्यक्ष कानूनको गल्ती भएको नदेखिएको अवस्थामा अदालतले मध्यस्थको निर्णय बदर गर्न सक्दैन । त्यसका अतिरिक्त विवादको सडक खण्डको चट्टान हातले नै फोड्नु पर्ने प्रकृतिको हो वा विष्फोटक पदार्थ प्रयोग गर्ने प्रकृतिको हो ? निवेदकले विष्फोटक पदार्थको व्यवस्थापनमा सहयोग नगरेको हो वा विपक्षीले ती पदार्थ व्यवस्थापन गर्नेतर्फ नलागेको हो चट्टान मध्ये कति कडा चट्टान हातले फोडेको हो, कति मध्यम चट्टान फोडेको हो भन्ने जस्ता तथ्यगत विवाद समेत प्रस्तुत मुद्दामा उठेको देखिँदा सिद्धान्ततः रिट क्षेत्रबाट सामान्य प्रकृतिका मुद्दा जस्तो मध्यस्थको अधिकारभित्र हुन गै निजले निर्णय गर्नुपर्ने तथ्यगत प्रश्नमा प्रमाण बुझी प्रमाणको मूल्याङ्कन विश्लेषण विवेचना गरी हेर्न नमिल्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६१ सालको फौ.पु.नं. ३०६५, आयकर, *हुकुमचन्द दुगड वि. कर कार्यालय, बिराटनगर*

बैंकमार्फत् निकासी कारोवार गर्दा कानूनले L.C नै खोल्नु पर्ने भनी बाध्यात्मक कानूनी व्यवस्था नगरेको अवस्थामा L.C बाहेक अन्य तरिकाबाट बैंकमार्फत् कारोवार गरेको देखिएमा पनि सो सुविधा पाउन सक्ने हुँदा L.C मार्फत मात्र कारोवार हुन पर्ने कुरा कानूनमा स्पष्ट उल्लेख भएकोमा बाहेक L.C मात्र मान्य हुने भनी अर्थ गर्न मिल्दैन । तसर्थ प्रस्तुत मुद्दामा L.C मार्फत नै कारोवार हुनपर्ने भन्ने कर अधिकृतको भनाइबाट कानूनको सही व्याख्या भएको नदेखिँदा सो बदर गर्नुपर्नेमा सदर गरेको राजश्वको न्यायाधिकरण बिराटनगरको फैसला सो हदसम्म मिलेको नदेखिँदा राजश्व न्यायाधिकरणको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण देखिँदा सो हदसम्म बदर गरिदिएको छ । यी पुनरावेदकले भारतमा निकासी गर्दा बैंकमार्फत् कारोवार गरेको र बैंकमार्फत् भुक्तानी प्राप्त गरेको देखिँदा सो रकमसम्म आयमा समावेश नगरी पुनः कर निर्धारण गर्नु भनी फाइल कर कार्यालयमा पठाई दिने ।

इजलास अधिकृत : उपेन्द्र गौतम

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६६ साल चैत १ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको रिट नं ०५१३, उत्प्रेषण परमादेश, *रामकुमार चौधरी वि. मोरङ जिल्ला अदालत समेत*

प्रतिवादीले पुनरावेदन अदालत बिराटनगरको अन्तिम फैसलाबमोजिम चलन पूर्जी पाएको सम्पत्ति मालपोत कार्यालय मारडले दाखेल खारेज गरेको दर्ता समेत गरी सकेकोले बण्डा पूर्वको

स्थितिमा पूर्ववत् दर्ता कायम हुने अवस्था विद्यमान नदेखिने ।
इजलास अधिकृत : दीपक खरेल
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल भदौ २७ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३२०४, भ्रष्टाचार, *दशरथकुमार कर्ण वि. नेपाल सरकार*

कुनै शैक्षिक योग्यता प्रमाणपत्र सक्कली हो वा नक्कली हो भन्ने सम्बन्धमा सो प्रमाणपत्र जारी गर्ने निकायको भनाई महत्वपूर्ण हुन्छ । सम्बन्धित संस्थाको अभिलेखबाट उक्त प्रमाणपत्र अनिवार्य रूपमा समर्थित हुनु पर्दछ । प्रस्तुत मुद्दामा नक्कली भनिएको विवादास्पद शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा बिहार विद्यालय परीक्षा समिति पटनाको भनाइले महत्वपूर्ण भूमिका खेल्दछ । प्रमाणपत्र जारी गर्ने निकायबाट नै पुनरावेदक/प्रतिवादीले पेश गरेको सन् १९९० को रोल कोड ३२४१, क्रमाङ्क १०५ भएको माध्यमिक परीक्षाको शैक्षिक प्रमाणपत्र सक्कली नभएको भनी स्पष्ट रूपमा लेखी आएको अवस्थामा उक्त प्रमाणपत्र निर्विवाद रूपमा नक्कली नै रहेको देखिने ।
इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०८२५, उत्प्रेषणयुक्त परमादेश, *माधवदेव ढुङ्गेल वि. गोरखापत्र संस्थान समेत*

गोरखापत्र संस्थाले मिति २०६३।९।१ मा प्रत्यर्थी शिबप्रसाद भट्टराईलाई दशौं तहको कार्यकारी सम्पादक पदमा बढुवा गर्ने भनी गरिएको सिफारिशबमोजिम निजलाई दशौं तहको कार्यकारी सम्पादक पदमा बढुवा गर्ने भनी गरिएको मिति २०६४।९।२९ को सञ्चालक समितिको निर्णय गोरखापत्र संस्थान कर्मचारी विनियमावली, २०५२ को विनियम ६७(१)(ग) को विपरीत देखिएको हुँदा निवेदकको हकमा उक्त सञ्चालक समितिको मिति २०६४।९।२९ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यी रिट निवेदकलाई गोरखापत्र संस्थान कर्मचारी सेवा शर्त विनियमावली २०५२ को विनियम ६७ (१)(ग) बमोजिम सेवाकालीन तालिमबापतको अङ्क प्रदान गरी निवेदकलाई बढुवा गर्नु भन्ने विपक्षी गोरखापत्र संस्थान धर्मपथ काठमाडौंका नाममा परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृत : दीपक खरेल
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल असोज १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रि. नं. ०६४-WO-००३५, उत्प्रेषण समेत, *नन्दकिशोर यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अनुचित कार्यको दुष्परिणामबाट सिर्जना भएको हक अधिकारलाई वास्तविक र निर्विवाद हक भन्न नमिल्ने मात्र होइन कि त्यसरी कुनै हक सिर्जना हुन सक्दैन । परीक्षाको चरणमै भएको गलत कार्यबाट सिर्जित परिणामबाट रिट निवेदकको हक अधिकार स्थापित हुन सक्दैन । रिट स्पष्ट हक अधिकारको उपचारको लागि मात्र जारी गरिन्छ । प्रस्तुत रिटमा निवेदकको हक नै सिर्जना नभएको हुँदा यस्तो अवस्थामा गलत कार्यबाट सिर्जित गलत परिणाम कायम गर्ने गरी रिट जारी हुन सक्दैन । साथै प्रस्तुत रिटमा निवेदक नन्दकिशोर यादवले दावी गरेको पदमा निजको हक अधिकार नै सिर्जित नभएको हुँदा आफ्नो हक नै स्थापित नभएको कुरामा रिट क्षेत्रमा आउने हकदैया पनि निवेदकलाई नहुने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६२ सालको रि.नं. ३७९९, उत्पेषणयुक्त परमादेश समेत, *नन्दकिशोर यादव वि. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. ३**

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** रिट नं. WO-०९६५, परमादेश, *केशकुमारी अधिकारी समेत वि.प्र मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मन्त्रिपरिषद्को कुनै निर्णयलाई कानून सरह लागू गर्न अदालतबाट परमादेश जारी गर्न मिल्दैन । परमादेश जारी हुन कानूनद्वारा काम, कर्तव्य तोकिएको हुनुपर्ने र तोकिएको काम नगर्दा निवेदकको कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता हुनुपर्ने हुन्छ । यस्तो अवस्थामा निवेदनमा दावी लिएकै भरमा कानूनी आधारको अभावमा विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
इति संवत् २०६७ साल जेठ २६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ०५१८, ०८७०, करारको लिखतबमोजिमको दायित्व पूरा गरी पाऊँ, *पदमप्रसाद सिलवाल वि. टोमप्रसाद सिलवाल, टोमप्रसाद सिलवाल वि. पदमप्रसाद सिलवाल*

जग्गा भोग गरेको अवस्था भएपछि ब्याज नपाउने र थैली कपालीसरह भराई लिन पाउने रजिष्ट्रेशनको महलको ६ नं.मा उल्लेख भएको हुँदा कपालीमा परिणत भएको लिखत सम्बन्धमा लेनदेन व्यवहारको महलको २ नं. बमोजिम दश वर्षको हदम्याद आकर्षित हुने नै देखिन आयो । विवादित लिखत मिति २०४६।५।३ मा भएको भन्ने देखिएको र वादीले मिति २०५५।१२।८ मा फिराद दर्ता गराएको देखिँदा फिराद हदम्यादभित्रै अर्थात् लिखत भएको मितिले १० वर्षभित्रै दर्ता भएकोले हदम्याद नाघी परेको भन्न नमिल्ने ।

वादीले फिरादपत्रमा जे जति दावी लिए पनि विवादित लिखतअनुरूपको दावीभन्दा बाहिर गई इन्साफ गर्न कानूनतः नमिल्ने नै हुँदा र पुनरावेदक वादीले लिखतमा उल्लिखित जग्गा भोग गरिरहेको र त्यस अवस्थामा ब्याज नपाउने कानूनी व्यवस्था हुँदा शुरू चितवन जिल्ला अदालतले वादी दावीबमोजिम विवादित लिखतमा उल्लिखित रकम रू. ६ लाख र सो साँवा बराबरको ब्याज भराई दिने ठहऱ्याएको फैसला ब्याज भराएको हदसम्म उल्टी गरी वादीले प्रतिवादीबाट लिखतमा उल्लिखित रकम भराई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत हेटौडाबाट मिति २०६३।२।१ मा भएको फैसला मिलेकै देखिने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** पुनरावेदन नं. २०६४-CI-०८३८, लिखत दर्ता बदर दर्ता, *अली हुसेन मियाँ धोबी समेत वि. छठुप्रसाद कुर्मी*

सगोलको मुख्यले घर खर्च गर्न आधासम्म आफूखुश गर्न पाउने कानूनी व्यवस्था भैरहेको र आधीभन्दा बढी जग्गा बिक्री गरेको भन्ने देखाउन नसकेको अवस्थामा अनुमानकै भरमा आधाभन्दा बढी जग्गा बिक्री गरेको भन्न नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ २३ गते रोज १ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २९१८, उत्प्रेषण, *केशवराज जोशी समेत वि. शिक्षक सेवा आयोग, सानोठिमी*

विज्ञापन प्रकाशित गर्दा तोकिएको मिति २०५९ चैत मसान्तसम्म पाँच शैक्षिक सत्र पुगेको हुनुपर्नेमा निवेदकहरूको बढुवा नियुक्ति २०५५।६।७ बाट गणना हुने भनी निजहरूको नियुक्तिपत्रबाट देखिएको र सो बढुवा नियुक्ति मितिबाट विज्ञापनमा तोकिएको मिति २०५९ चैत मसान्तसम्म निजहरूको पाँच शैक्षिक सत्र पूरा भएको देखिएन । सोबमोजिम आफूहरू अवधि पुगेको भनी निवेदकहरूले जिकीर

लिन नसकेको र विज्ञापनमा तोकिएको अवधिसम्म सम्भाव्य उम्मेदवार नै नभएका निवेदकहरूलाई बढुवाको सिफारिश गरेको बदर गरेको शिक्षक सेवा आयोगको उक्त निर्णयले निवेदकहरूको संविधान तथा कानूनप्रदत्त हकमा आघात परेको मान्न मिल्ने देखिएन। अर्कोतर्फ उक्त विज्ञापनमा विज्ञापन रद्द भएपछि निवेदकहरू पुनः खुल्ने विज्ञापनमा उम्मेदवार हुन पाउने नै र सो विज्ञापनमा निजहरूको अवधि पुग्ने अवस्थामा कानूनबमोजिम बढुवा हुने नै हुँदा हाल सम्भाव्य उम्मेदवार नै नभएका निवेदकहरूको निवेदनका आधारमा विपक्षी शिक्षक सेवा आयोगको निर्णय बदर गर्नुपर्ने अवस्था नहुँदा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था नदेखिने।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल भदौ ६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको दे.पु.नं. ८७९५, लिलाम बदर दर्ता बदर दर्ता, *पल्टन चौधरी वि. सन्तलाल चौधरी समेत*

सद्दे कीर्तेमा वादीलाई बयान गराउँदा पल्टन चौधरीको ल्याप्चेछाप होइन, कीर्ते हो भनी बयान गरेको भए पनि विशेषज्ञ मुकुल प्रधानले वि.नं. १ को ल्याप्चेछाप मिल्दछ भनी प्रतिवेदन दिएको र विशेषज्ञ अदालतमा आई बकपत्र समेत गरेको देखिन्छ। लेनदेनको विषयमा विवाद उठाउने फिरादी स्वयं कपाली तमसुकमा साक्षी बसेको अवस्थामा हाल आएर लिलाम बदर गर्न मिल्ने देखिएन। अतः वादी पल्टन चौधरी स्वयं साक्षी बसी मिति २०४८।११।१८ मा लेनदेनको तमसुक खडा भएको पुष्टि भएको हुँदा र ऋणी प्रतिवादीमध्येका सन्तलाल चौधरीको नामको जेथा नै डाँक लिलाम सकार गरेको देखिँदा लिलाम दर्ता बदरको वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.न. ०६४-CI-०६६८, बाली बिगो, *केशव चन्द वि. दिल्लीराम शर्मा*

यिनै वादी र प्रतिवादीबीच यसै कि.नं. ५६३ समेको जग्गाका सम्बन्धमा कञ्चनपुर जिल्ला अदालतमा चलेको ०६० सालको दे.नं. ब्रास१२३।२३८ को घर उठाई जग्गा खिचोला चलन मुद्दामा सो अदालतबाट कि.नं. ५६३ जग्गामा प्रतिवादीले खिचोला गरेको ठहऱ्याई भएको फैसला पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६१।११।१६ मा सदर भै अन्तिम भएर बसेको देखिन्छ। उक्त जग्गामा खिचोला चलन मुद्दाबाट प्रतिवादीले वादीको कि.नं. ५६३ को क्षे.फ. ०-३-७१/२ जग्गामा २०६० सालमा खिचोला गरी बाली लगाई उठाई वादीलाई खेती गर्नबाट बञ्चित गरेको हुँदा जग्गावाला वादीलाई प्रतिवादीले बाली बिगो व्यहोर्नु पर्ने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको दे.पु.न. ०६५-CI-०००४, राजीनामा रजिष्ट्रेशन पारित बदर हक कायम, *नन्दादेवी पाण्डेय समेत वि. देवकीदेवी बिष्ट समेत*

वादी प्रतिवादी काका भतिजा अंशियारहरूका नाममा अलग-अलग जग्गा दर्ता भोग गरी कायम रहिरहेको देखिएको र भतिजाको नामको दर्ताको जग्गा बिक्री भएको र वादीहरूको मञ्जूरी लिनुपर्ने भित्रको भएको भन्ने ठोस प्रमाणको अभाव रहेको स्थितिमा लिखत बदरको वादी दावी नपुग्ने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २४७४, उत्प्रेषण, *दिलबहादुर कटुवाल के.सी. समेत वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

शिक्षा ऐन, नियमावली तथा शिक्षक सेवा नियमावलीअनुरूप विपक्षी शिक्षक सेवा आयोगले मिति २०६१।८।१५ मा विज्ञापन प्रकाशित गरी सोही ऐन नियमअनुरूपको प्रक्रिया पुर्‍याई दरखास्त फाराम लिने परीक्षा अन्तर्वार्ता समेत लिई परीक्षाफल समेत प्रकाशित गरी निवेदकहरू सो प्रक्रियामा समावेश भई निवेदकमध्येका एक जनाले स्थायी नियुक्ति समेत पाई सकेको अवस्थामा निवेदकहरूको संविधान तथा कानूनप्रदत्त हकमा असर परेको मान्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल साउन १६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२-CI-०३९३, निषेधाज्ञायुक्त परमादेश, *जिल्ला विकास समितिको कार्यालय धनकुटा वि. झलकराज खड्का*

निवेदकले ठेक्का सम्झौताको शर्तबमोजिम बुझाउनु पर्ने रकम एकमुष्ट नबुझाएकोले १० प्रतिशत छूट रकम निवेदकलाई प्रदान गर्न नमिल्ने भनी जिल्ला विकास समितिको लेखा परीक्षण प्रतिवेदनमा औंल्याएको विषय नियमअनुसार भएकाले यसबाट निवेदकको हकमा आघात पुगेको भन्न नमिल्ने ।

इजलास अधिकृत गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५-CI-०८१६, परमादेश, *राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय बिशालबजार समेत वि. शोभादेवी राई*

ऋण प्रवाह गर्दा कसलाई ऋण प्रवाह गर्ने हो, त्यसको असूल गर्ने पूर्व शर्तको रूपमा कुन सम्पत्ति धितो राख्नुपर्ने हो, धितो राखिएको सम्पत्ति पक्का छ, छैन भनी हेरी जाँची मात्र धितोमा राखी रोक्का राख्नुपर्ने विषय नितान्त बैंकको काम कर्तव्य अधिकार र दायित्वसँग सम्बन्धित विषय हो । पुनरावेदक बैंकले प्रवाह गरेको ऋण र सो असूलीसँग निवेदिका असम्बन्धित व्यक्ति रहेको तथ्य विपक्षीको लिखित जवाफ र धितो बन्धकको लिखत अदालतबाट जालसाजी ठहरी फैसला भएबाट प्रष्ट भैरहेको छ । यस्तो अवस्थामा निवेदिकाको हकभोगको जग्गा बिना आधार कारण रोक्का राख्ने पुनरावेदकको कामलाई कानूनसम्मत मान्न नमिल्ने ।

इजलास अधिकृत गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम्

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CI-००५९, परमादेश, *तिलकबहादुर बस्नेत वि. इलाका प्रहरी कार्यालय, दाङ*

निवेदकले दावी लिएको कृषि विकास बैंकबाट किस्ता बुझाउने गरी लिएको ट्रेक्टर विपक्षी इलाका प्रहरी कार्यालयले कब्जामा लिएको भन्ने निवेदकको दावी भएकोमा निवेदकको ट्रेक्टर कब्जामा नलिएको र निवेदकलाई धम्की दिने कार्य गरेको छैन भन्ने विपक्षीको लिखित जवाफ रहेको देखिन्छ । र मिसिलबाट विपक्षीले निवेदकको ट्रेक्टर कब्जामा लिई निवेदकलाई थुनछेक गर्ने धम्की दिने कार्य गरेको भन्ने कुरा कतैबाट पुष्टि भएको देखिँदैन । ठोस आधारको अभावमा विपक्षी निकाय लगायतका कसैउपर पनि परमादेशको आदेश जारी हुने अवस्था नहुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको दे.पु.नं. ०६६-CI-००६०, निषेधाज्ञा/परमादेश, *तिलकबहादुर बस्नेत वि. इलाका प्रहरी कार्यालय, तुल्सीपुर दाङ समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CI-००२९, निषेधाज्ञा/परमादेश, *द्वारिकाबहादुर प्रधानाङ्ग वि. अधिकार सम्पन्न बागमती ढल निर्माण सुधार*

*आयोजना कार्यान्वयन तथा अनुगमन समिति, गुहेश्वरी फाँट, काठमाडौं समेत*

कि.नं. ४१ को ज.बि. २-१३-२-० मध्ये अधिग्रहणमा परेको ज.बि. १-२-३-० मध्ये ०-१२-३-० जग्गाको मुआब्जा लिई अरू मुआब्जा लिन बाँकी रहेको १० फीट जग्गा स्वेच्छाले निवेदन दिई हक छाडिदिएको र सोही जग्गा हाल निवेदकले दावी लिएको भनी विपक्षी अधिकारसम्पन्न बागमती क्षेत्र ढल सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिको लिखित जवाफमा उल्लेख भएको देखिन्छ। निवेदक द्वारिकाबहादुर प्रधानाङ्गले मिति २०५३।८।२५ मा विपक्षी समितिले माग गरेअनुसार मोटर पार्कको लागि सडकबाट उत्तरतर्फ १० फीट जग्गा मुआब्जाको दावी नगर्ने गरी छाडिदिएँ भनी विपक्षी समितिसमक्ष निवेदन दिई जग्गाको हक दावी छाडिसकेको निवेदनको प्रतिलिपिबाट देखिँदा सोही जग्गाको निर्णयलाई लिएर हाल परमादेश जारी गरिपाऊँ भनी पेश गरेको निवेदन निरर्थक देखिँने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०१८८, निषेधाज्ञा, *मजीद मियाँ अन्सारी समेत वि. तेतरी मियाँ अन्सारिन*

सदिक मियाँको श्रीमती सहिदिया निःसन्तान भएकी हुँदा २०२५ सालतिर कि.नं. ५३ को ०-०-८॥ मध्ये पूर्वतर्फबाट ज.बि. ०-०-३॥ आफ्नो अंश भाग लिई मदरसालाई दिएको र सोही जग्गामा विद्यालय सञ्चालन गरेको भनी उल्लेख गरेको देखिन्छ। तर सहिदियाले अंशमा पाएको जग्गामा स्कूल सञ्चालन गरेको भन्ने विपक्षीको भनाई पुष्टि हुने ठोस आधार प्रमाण पेश गर्न नसकेको र जग्गामा विपक्षीको निर्विवाद हक स्थापित भएको नदेखिँदा विपक्षीको हक नपुग्ने स्थानमा स्कूल सञ्चालन नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०८४७, निषेधाज्ञा, *उपेन्द्र राय समेत वि. रजाक मियाँ*

निवेदकको हकको जग्गा कि.न. ९ को जग्गामा विपक्षी उपेन्द्र राय यादवका बाबु लक्ष्मीराम मोही रहेकोमा साविक जग्गाधनीले जग्गाधनी पूर्जामा मोही नाम केरी दिएउपर निवेदक समेत उपर सर्लाही जिल्ला अदालतमा २०६३ सालको फौ.पु.नं. १४५ को जालसाजी मुद्दा र भूमिसुधार कार्यालयमा मि.नं. ७८६ र ७८७ को मोही प्रमाणपत्र मुद्दा चलिरहेको भनी विपक्षीको लिखित जवाफमा उल्लेख भएको देखिन्छ। तत् सम्बन्धमा सोही मुद्दाबाट विवादको निपटारा हुने हुँदा र तत्काल मुद्दा परिरहेको स्थितिमा निवेदकको कि.न. ९ को जग्गामा कुनै तरहले हस्तक्षेप गर्ने वा सो जग्गाको बाली नाली लैजाने समेतको कुनै काम नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञा जारी हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल जेठ २७ गते रोज ५ शुभम्।

१३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CR-०२७९, कर्तव्य ज्यान, *मेघबहादुर खत्री वि. नेपाल सरकार*

प्रतिवादी मेघबहादुर खत्रीले मृतकलाई कर्तव्य गरी मारी ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. महलको १३(३) नं. बमोजिमको कसूर गरेकोले निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६४।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीले आफूले गरेको कार्यको विषयलाई लिएर पश्चाताप गरी अदालतमा समेत कसूर गरेको कबूल गरेको देखिएको, मोटरसाइकल मर्मत खर्च जस्तो सामान्य विवादको जरियाबाट घटना घटेको, मृतकलाई मार्ने पूर्व तयारी र मनसाय समेत नदेखिएको प्रतिवादीको उमेर र आर्थिक अवस्था समेतलाई विचार गर्दा प्रतिवादीलाई १० वर्ष कैद गर्दा पर्याप्त नै हुने देखिँदा पुनरावेदन अदालत

बुटवलले प्रतिवादीलाई अ.बं. १८८ नं. प्रयोग गरी सजाय १० वर्ष कैद गर्ने राय व्यक्त गरेको समेत सदर हुने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल साउन १९ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६-CR-०२४६, कर्तव्य ज्यान अङ्गभङ्ग, *तिलक सेन वि. नेपाल सरकार*

प्रतिवादीको अनुसन्धान अधिकारी तथा अदालतमा भएको साबिती बयानलाई अन्य स्वतन्त्र प्रमाण किटानी जाहेरी, लास जाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट, मौकामा बुझिएका व्यक्तिहरूको अदालतको बकपत्र समेतबाट पुष्टि एवं समर्थन गरी रहेको देखिएको र ती प्रमाणहरूलाई प्रमाण ऐन, २०३१ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिएको अवस्थामा शुरू रूपन्देही जिल्ला अदालतले प्रतिवादी तिलक सेनलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल साउन १९ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६-CR-०४२७, कर्तव्य ज्यान, *राजेन्द्र कार्की वि. नेपाल सरकार*

अर्कैसँग विवाह गर्ने उद्देश्यले आफ्नी श्रीमतीलाई योजनावद्ध ढंगले मनसायपूर्वक तरिकाले झुण्ड्याएर कर्तव्य गरी मारी सकेपछि अपराधबाट उम्कने प्रयास समेत गरेको देखिएको अवस्थामा निज प्रतिवादीलाई घटी सजाय गर्नु अ.बं. १८८ नं. को मनसाय विपरीत हुने हुँदा शुरू र पुनरावेदन अदालतले घटी सजाय हुन व्यक्त गरेको राय यस अदालतबाट हालसम्म प्रतिपादन भैरहेको सिद्धान्त समेतको विपरीत हुन जाने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल साउन १९ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८७१५, निर्णय बदर दर्ता बदर दर्ता, *मालपोत कार्यालय, धनुषा वि. गौरीराज मण्डल*

मालपोत कार्यालय धनुषाको निर्णयउपर सरकारी कर्मचारीलाई प्रतिवादी नबनाई सरकारी कार्यालयहरूलाई प्रतिवादी बनाई मुलुकी ऐन, अदालती बन्दोबस्तको २९(८), जग्गा पजनीको १७ नं. जग्गा मिच्नेको १८ नं., नागरिक अधिकार ऐन, २०१२ को दफा १८ र न्याय प्रशासन ऐन, २०४८ को दफा ८(३) समेतका आधारमा सरकारका नाउँमा दर्ता भैसकेको जग्गाको दर्ता बदर गराउन परेको दावी हालसम्म कायम भएका सिद्धान्तहरू समेतबाट कायम रहन नसक्ने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल साउन १४ गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ४०४, गोली हानी गैंडा मारेको, *नेपाल सरकार वि. हस्तबहादुर कुमाल*

प्रतिवादी हस्तबहादुर कुमालले मृतक गैंडालाई आफैंले मारेको नभए पनि मार्न जाने क्रममा प्रतिवादीहरूसँग गैंडा मार्न सल्लाह गरेको, निजहरूलाई नारायणी नदीमा डुङ्गाबाट तारेको, निजहरू जंगलभित्र छिरेपछि कोही मान्छे आउँछन् कि भनी हेर्न माछा मार्ने निहुँमा नदी किनारामा बसेको, गैंडाको खाग बिक्रीबाट आएको रकम लिए खाएको देखिएको समेतबाट यी प्रतिवादीको उक्त गैडा मार्नमा संलग्नता रहेकै देखिँदा प्रतिवादीलाई १० वर्ष कैद हुने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

१८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. २७०, ४६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चुन्नीलाल शर्मा बढै समेत,*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागजमा मृतकको घाँटी समेतमा र विभिन्न भागमा खुकुरीले काटी राजन शर्माको सहयोगले खुट्टामा समाती झाडीमा फाली घटनास्थलबाट गएको भनी सिलसिलेवार रूपमा घटनाको विवरण खुलाई कसूर स्वीकार गरेको पाइन्छ । प्रतिवादीको मौकाको बयान कागज, मृतकको शव परीक्षण प्रतिवेदन तथा लास जाँच मुचुल्का समेतबाट देखिएको घाउ चोटहरू समर्थित भएको छ । सहप्रतिवादी राजन शर्मा बढैको मौकाको बयान कागजबाट पनि मृतक खेमकुमारीलाई प्रतिवादी सुजीत शर्मा बढैले नै कर्तव्य गरी मारेको भन्ने पनि देखिन आयो । मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा आई गरेको बकपत्रबाट मृतकको मृत्यु प्रतिवादी सुजीत शर्माकै कर्तव्यबाट भएको देखिने ।

प्रतिवादी राजनले खुट्टासम्म तानी झाडीमा फाल्न सहयोग गरेको भनी उल्लेख गरेको देखिन्छ । निज प्रतिवादीको वारदात घटाउने कार्यमा सरिक भए नभएतर्फ हेर्दा प्रतिवादी वारदातस्थलमा रहे भएको प्रतिवादी सुजीत शर्मा र मृतक खेमकुमारीबीचको सम्बन्धका बारेमा निजलाई मौकामै थाहा भए पनि मृतकलाई मार्नबाट बचाउनेतर्फ निज प्रतिवादीको सहयोग भएको देखिन नआउने ।

आरोपित कसूरमा इन्कारी भै अधिकार प्राप्त अधिकारी तथा अदालत समेतमा वयान गरेको र निजको इन्कारी बयान निजका साक्षी समेतबाट पुष्टि भएको देखिँदा निज प्रतिवादीको मृतक खेमकुमारीलाई मार्ने कार्यमा भौतिक वा अभौतिक कुनै प्रकारको पनि उपस्थिति भएको नदेखिएकोले निजउपरको अभियोग दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असार ३० गते रोज ४ शुभम् ।

१९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CR-०४०६, ०४५, कर्तव्य ज्यान, *मनकुमारी पुन वि. नेपाल सरकार, नेपाल सरकार वि. मनकुमारी पुन*

जातक बच्चालाई प्रतिवादीले कर्तव्य गरी मारे भन्ने विरूद्धको किटानी जाहेरीलाई प्रतिवादीको मौकाको साबिती बयान र सो बयानलाई मौकाको घटनास्थल र लास जाँच प्रकृति मुचुल्का र पोष्टमार्टम रिपोर्टमा बच्चाको घाँटीमा नीलडाम रहेको भन्ने तथ्यगत व्यहोराले पुष्टि गरेकोले नवजात शिशुको मृत्यु घाँटी थिचेर प्रतिवादीको कर्तव्यबाट नै हुन गएको देखिन आउँदा निज प्रतिवादी मनकुमारीले ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को विपरीत कसूर गरेको देखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असार ३० गते रोज ४ शुभम् ।

२०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०३०७, उत्प्रेषण मिश्रित परमादेश, *सानुमैया श्रेष्ठ वि. मालपोत कार्यालय डिल्लीबजार*

लामो अवधिदेखि विवादित रहेको कि.नं. ६६६ को जग्गाको हकमा आफ्नो भए अदालतबाट हक कायम गरी ल्याउने भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्तिम भैरहेको परिप्रेक्ष्यमा विपक्षी मालपोत कार्यालयबाट सो फैसला समेतको अनुशरण गर्दै हक कायममा उजूर गर्न जानु भनी मिति २०६३।५।१ मा भएको निर्णयमा कानूनी त्रुटि रहे भएको नदेखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०१३०, लिखत दर्ता बदर दर्ता कायम, *जलोखा खातुन मियाँ वि. लालो मियाइनी समेत*

सगोलको पैत्रिक सम्पत्ति बिक्री गर्दा २१ वर्ष उमेर पुगेका पत्नी लालो मियानी र छोरा खलील

साफी मियाको मञ्जूरी लिनु पर्नेमा सो मञ्जूरी नलिई विवादित कि.न. १०२ को क्षेत्रफल ०-१८-१० पूरै जग्गा बिक्री गरेको देखिँदा सो अंशबण्डाको १९ नं. बमोजिम सम्पूर्ण सम्पत्तिको आधा अर्थात् ०-९-५ घरको मुख्य व्यक्ति भई व्यवहार चलाउन बिक्री गर्न पाउने देखिँदा सो आधा सम्पत्तिसम्म बिक्री गरेको कार्य अन्यथा नदेखिई आधाभन्दा बढी अर्थात् ०-९-५ जग्गा बिक्री गरेको हदसम्मको व्यवहार उक्त कानूनी व्यवस्थाविपरीत देखिन्छ । यसरी व्यवहार चलाउनका लागि उमेर पुगेका पत्नी र छोराको मञ्जूरी नलिई आधीभन्दा बढी जग्गा बिक्री गरेकोले जम्मा चार अंशियारमध्ये २१ वर्ष नपुगेको मुदिम साफी मियाँको मञ्जूरी लिन नपर्ने भई उमेर पुगेका पतनी र छोरा जना दुईको भाग मात्र अर्थात् ०-९-५ क्षेत्रफलमध्ये ४ भागको २ भाग मात्र बदर हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०२२८, उत्पेषणयुक्त प्रतिषेध, *नवीनकुमार शर्मा खनाल वि. आन्तरिक राजश्व विभाग समेत*

निवेदकको नेम इन्स्टिच्युट फर मेडिकल एजुकेशनको नामबाट मेडिकल एजुकेशनको लागि प्रवेश परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन गर्ने त्यस्तो संस्थाले मूल्य अभिवृद्धि कर वा कर विवरण नबुझाएको कारण मिति २०६६।५।११ मा प्रारम्भिक कर निर्धारण र मिति २०६६।६।४ मा अन्तिम कर निर्धारण आदेश भई सोको जानकारी समेत बुझी सकेको अवस्थामा सो आदेश विरूद्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सक्नेमा मा सो पुनरावलोकनको वैकल्पिक उपचारको बाटो अवलम्बन नगरेको तथा हाल अन्तिम कर निर्धारण आदेश समेत भइसकेको देखिँदा धरौटी राख्न नसकिने भन्ने मात्र आधारमा असाधारण अधिकार क्षेत्रबाट सम्पत्तिसम्बन्धी मौलिक हकमा आघात परेको भनी दाबी लिई आएको प्रस्तुत निवेदनबाट असाधारण अधिकार क्षेत्रको प्रयोग गर्न नमिल्ने हुनाले त्यस्तो कानूनबमोजिम गरिएको कर निर्धारण आदेशबाट रिट निवेदकको संविधान प्रदत्त हकमा आघात पुगेको मान्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको नि.नं. २४७८, उत्प्रेषण समेत, *विष्णुबहादुर खत्री वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

शिक्षक सेवा आयोगबाट बढुवा उजुरी उपर छानबीन गरी २०६२।३।२७ मा निर्णय गर्नुभन्दा अगावै बढुवा सिफारिशमा परेका चौथो नम्बरका गोपीराज वाग्ले मिति २०६२।३।१५ मा नै अनिवार्य अवकाश पाई सेवा निवृत्त भइसकेको भनी जिल्ला शिक्षा कार्यालय कास्कीले शिक्षक सेवा आयोगलाई ३०६२।४।३० मा लेखेको पत्रबाट देखिएकोले बढुवा निर्णयउपर उजुरी परी छानबीन भइरहेकै अवस्थामा बढुवा सिफारिश भएका व्यक्तिहरू मध्ये एक जना शिक्षक अनिवार्य अवकाशमा परी पद रिक्त भएको र त्यस्तो रिक्त पदमा यी निवेदकलाई बढुवा नियुक्ति दिदा समन्यायको दृष्टिकोणबाट समेत उपयुक्त नै हुने र त्यसो गर्दा यी प्रत्यर्थीहरूलाई समेत कुनै मर्का नपर्ने हुँदा सो कुरालाई जानकारीमा लिई रिक्त भएको देखिएको सो पदमा ४६ औं स्थानमा यी निवेदक विष्णुबहादुर खत्रीलाई मा.वि. द्वित्तीय श्रेणीको शिक्षक पदमा बढुवा नामावली प्रकाशन भएको मितिबाट जेष्ठता गणना गरी बढुवा गरी नियुक्ति दिनु भनी परमादेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल साउन २५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३४१९, उत्प्रेषणयुक्त परमादेश समेत, *गुणकेशरी उदास समेत वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३१ मा व्यवस्था भएको देखिँदा निज निवेदकहरूले सो न्यूनतम् शैक्षिक योग्यताको परीक्षा उत्तीर्ण गरेपछि तालीम लिएको नदेखिएकोले अगावै लिएको तालीमबापत अङ्क पाउने कानूनी व्यवस्था रहेको नहुँदा निवेदकहरूले अघि लिएको तालीमबापत बढुवामा अङ्क प्रदान नगरेको कार्यमा कुनै त्रुटि रहेको नदेखिएको र सो बाहेक कानूनबमोजिम पाउनु पर्ने अन्य कुनै शीर्षकको अङ्क नपाएर बढुवा नभएको हो तथा बढुवा भएका शिक्षकहरू भन्दा आफूले बढी अङ्क पाउनु पर्ने आधार र कारण के हो सो कुरा खुलाई स्पष्ट रूपमा दावी लिन सकेको समेत नदेखिएको हुँदा बढुवा सिफारिशबाट नाम हटाएको शिक्षक सेवा आयोगको मिति २०६२।१२।२२ को निर्णयबाट निवेदकहरूको कुनै संवैधानिक वा कानूनी हक हनन् भएको नदेखिँदा रिट खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल साउन २५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CR-००७७, सम्बन्ध विच्छेद, *अनील रावल वि. हेमलता मलल रावल*

विपक्षी हेमलता रावलले आफ्नो लोग्ने अनील रावललाई निजको मञ्जूरी बेगर ३ वर्ष भन्दा बढी समयसम्म छोडी अलग बसेको भन्ने मिसिल संलग्न प्रमाण कागजहरूबाट नदेखिँदा लोग्ने स्वास्नीको महलको १ नं. मा भएको कानूनी व्यवस्थाबमोजिमको आधार र अवस्था विद्यमान देखिन नआएकोले वादी प्रतिवादीबीचको लोग्ने स्वास्नीको सम्बन्ध बिच्छेद नहुने ।

इजलास अधिकृत : नारायणप्रसद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल भदौ २३ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा..न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ००२७, निषेधाज्ञा मिश्रित परमादेश, *उपेन्द्र यादव वि. गाउँ विकास समितिको कार्यालय नौकैल्वा, सर्लाही समेत*

गाउँ विकास परिषद्को बैठकको निर्णयानुसारको खर्च गर्नबाट निषेध गर्ने विषयको हकमा खर्च गर्ने कार्य प्रारम्भ भइसकेको र सम्बन्धित पक्षलाई समेत रकम प्रदान गरी सकेको अवस्थामा सो गरेको खर्च यथास्थितिमा राख्न प्रस्तुत मुद्दाको क्षेत्राधिकारभित्र समेत पर्ने देखिन आउदैन । निषेधाज्ञायुक्त परमादेशले त्यस्तो गाउँ परिषद्बाट पारित गराई खर्च समेत गरेको कार्यलाई परमादेशको आदेशद्वारा रोक्न नमिल्ने र गाउँ परिषद्को निर्णय नै बदर गर्न पनि निवेदकले माग गरेको निषेधाज्ञायुक्त परमादेशको आदेशबाट मिल्दो नदेखिएको हुँदा त्यस्तो निवेदनमा लिइएको दावीमा माग गरेबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर :अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०३३१, निषेधाज्ञा, *मोहन सिंह तामाङ वि. सन्तबहादुर तामाङ समेत*

प्रहरीले आफ्नो अधिकारक्षेत्रभन्दा बाहिरको विषयमा कारवाही गरी गैरकानूनी रूपले कागज गराएमा त्यस्तो कागजको कानूनी मान्यता प्राप्त हुनसक्ने अवस्था रहँदैन । त्स्तो कागज गराएको प्रमाण दिई कागज गराएको लिखत वा कागज प्रकाश गरेको भनी सोउपर दावी गर्न निज पुनरावेदक स्वतन्त्र नै रहने हुनाले अहिलेको अवस्थामा गैरकानूनी कागज गराएको नदेखिएको आधारमा निषेधाज्ञाको आदेश जारी नहुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर :अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

३

**मा..न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०१४७, निषेधाज्ञा, *सिद्धिनारायण आचार्य वि. सत्यनाराण आचार्य समेत*

आफूले भोग गरेको घर जग्गा समेतमा आफूले समेत अंश पाउने भनी अंश मुद्दा दायर गरिसकेपछि सोही घर जग्गामा प्रत्यर्थीहरूले अवरोध गरे भनी निषेधाज्ञाको निवेदन दिएको देखिन्छ। प्रत्यर्थीहरूसँग उल्लिखित घर जग्गाबाट अंश पाऊँ भनी दावी गर्ने यी निवेदकले तिनै घर जग्गामा प्रत्यर्थीहरूले अवरोध गरे भन्ने दावी लिएतापनि ती घर जग्गाबाट यी पुनरावेदकले अंश पाउने हो होइन विचाराधीन रहेकै अवस्थामा र अश मुद्दाबाट ठहरेबमोजिम हुने नै हुँदा उल्लिखित विवादित घर जग्गाको सम्बन्धमा समेत असर पर्ने गरी निषेधाज्ञाको आदेश जारी गर्नु कानूनसम्मत नदेखिँने।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर :अमिररत्न महर्जन
इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ००५७, निषेधाज्ञा, *जगतबहादुर श्रेष्ठ समेत वि. कृष्ण रेग्मी समेत*

निवेदकले विपक्षीउपर घर टहरा भत्काई पाऊँ भनी भक्तपुर जिल्ला अदालतमा मुद्दा दायर गरेको अवस्थामा वादी दावी खारेज हुने ठहऱ्याई २०६४।३।२८ मा फैसला भएको भनी निवेदक स्वयंले आफ्नो निवेदन पत्रमा उल्लेख गरेको देखिन्छ। यसरी सो विवादित जग्गामा बनेको घर टहरा भत्काई पाउनमा लिएको दावी नै खारेज भएपछि सो विवादित जग्गामा विपक्षीले घर टहरा बनाउन लागेको आशंका देखाएतापनि घर टहराको थप निर्माण कार्य गर्न लागेको अवस्था विद्यमान नरहे नभएको र सो विवादित जग्गामा परेको घर टहरा भत्काई पाऊँ भन्ने मुद्दाको अन्तिम निर्णय समेत भई नसकेको, पुनरावेदन परी विचाराधीन रहेको अवस्था समेत देखिँदा सो मुद्दाबाटै कानूनी उपचार प्राप्त गर्न सक्ने नै हुँदा प्रस्तुत निषेधाज्ञा मुद्दामा मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ०२८९, परमादेश मिश्रित निषेधाज्ञा, *सुशीलकुमार श्रेष्ठ वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय समेत*

विद्युत वितरण विनियमावली, २०५५ को विनियम १८(१)(ख) मा घर खरीद बिक्री वा अंशबण्डा भै स्वामित्व परिवर्तन भएतापनि साविकको घरधनीको समयमा विद्युत महसूल तथा अन्य रकम नतिरी बाँकी रहेमा विद्युत लाइन काट्न सकिने भन्ने र ऐ. विनियम २३(१) मा महसूल तिरेको अन्तिम बील भुक्तान नभएसम्म एक ग्राहकको नामबाट अर्को व्यक्तिको नाउँमा नामसारी गर्न नपाउने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोअनुसार निवेदकको घर जग्गा मात्र आफ्नो हक भोगमा गराई विद्युत मीटर आफ्नो नाउँमा नामसारी नगराएका र निवेदकका दाता अरूणा सिग्देलका पति महिधर पाध्या ग्रा.नं. १७-९-१८ र दाताका छोरा सत्यन्द्र सिग्देलका नाउँमा रहेको १७-९-१८ ङ को मीटरका हाल कायम हुन आएको ग्रा.नं. १८-२३-४२० को विद्युत मीटरमा बक्यौता रकम बाँकी रहेको देखिँदा उक्त बक्यौता रकम असूलउपर गर्नेसम्बन्धमा कानूनबमोजिम विपक्षीहरूबाट भएको काम कारवाहीले निवेदकको हकाधिकारमा आघात परेको भन्न नमिल्ने।

इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम्।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०२९०, परमादेश, *सुशीलकुमार श्रेष्ठ वि. नेपाल विद्युत प्राधिकरण, वितरक तथा ग्राहक सेवा काठमाडौं मध्य वितरण केन्द्र, दरबारमार्ग काठमाडौं समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ०००६,

परमादेश, *बलराम न्यौपाने वि. नेपाल धितोपत्र बिनियम बजार लि. रामशाहपथ काठमाडौं समेत*

जुन कार्यको लागि परमादेशको माग गरिएको छ सो कार्य नै सम्पन्न भई सकेर प्रस्तुत निवेदन प्रयोजनहीन भई सकेकोले यसको औचित्यभित्र प्रवेश गरी ठहर निर्णय गरी रहनु परेन। प्रयोजन र औचित्य नै समाप्त भई सकेको प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको रिट नं. २८३२,उत्प्रेषण मिश्रित परमादेश, *शोभादेवी पौडेल वि. कौशिला देवकोटा समेत*

सम्बन्धित व्यक्तिहरूलाई बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरीत हुने गरी प्रचलित कानूनी प्रक्रिया (Due Process of law) अनुसार नगरी भएको मालपोत कार्यालय लमजुङ्गको मिति २०५९।१२।१७ को निर्णय कानूनी त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशबाट बदर गरी दिएको छ। अब आवश्यक बुझ्नु पर्ने प्रमाण आफैंले बुझी, यी रिट निवेदकलाई पनि बुझी मालपोत ऐन, २०३४ को दफा २४ अनुसार आफैंले बुझी यी रिट निवेदकलाई पनि बुझी मालपोत ऐन, २०३४ को दफा २४ अनुसार आफैंले कि.नं. २४८ को जग्गा सार्वजनिक वा सरकारी जग्गा हो होइन यकीन गरी निवेदिकाको जग्गाको दर्ता बदर हुने नहुने तर्फ आफैंले विवेक प्रयोग गरी निर्णय गर्नु भनी मालपोत कार्यालय लमजुङ्गको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको विविध निवेदन नं. १३५, अदालतको अपहेलना, *भोजराज ऐर समेत वि. सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय समेत*

मिति २०५८।४।१२ मा भएको निर्णयमा दिइएको निर्देशनात्मक आदेशले कुनै समयसीमा निर्धारण नगरेको अवस्थामा विपक्षी मन्त्रालयले वातावरण संरक्षण र जल प्रयोगको मापदण्ड निर्धारण गर्ने लगायतका कार्यहरू गरी नै रहेको देखिएबाट मन्त्रालय र पदाधिकारीले यस अदालतको आदेशको जानाजानी अपहेलना नै गरेको भन्न नमिल्ने।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल माघ ११ गते रोज २ शुभम्।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६१ सालको विविध निवेदन नं. १३४, अदालतको अपहेलना, *भोजराज ऐर समेत वि. प्रमुख कार्यकारी निर्देशक, भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड, नवलपरासी*
- २०६१ सालको विविध निवेदन नं. १४८, अदालतको अपहेलना, *भोजराज ऐर समेत वि. वातावरण तथा विज्ञान प्रविधि मन्त्रालय*

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०५६ सालको साधक नं. १०, फौ.पु.नं. ०४८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महेन्द्र सदा*

जिल्ला अदालतले सर्वश्वसहित जन्मकैद वा जन्मकैद गर्ने गरी गरेको फैसलालाई उल्टी गरी प्रतिवादीलाई सफाइ दिएको वा ज्यानसम्बन्धी महलको १३(१)(२)(३) र (४) नं. बमोजिम सजाय नगरी सोही महलको अन्य नम्बरहरू बमोजिम सजाय गरेको अवस्थामा पुनरावेदन अदालतले सर्वोच्च अदालतमा साधक जाहेर गर्नुपर्ने अवस्था हुँदैन। साधकको लागि सर्वोच्च अदालतमा पठाउनका लागि निर्णयकर्ताले सर्वश्वसहित जन्मकैदको सजाय गरेको हुनुपर्छ। सो बाहेक अरू नै सजाय गरेको तर सर्वश्वसहित जन्मकैद वा जन्मकैद हुने अभियोगसम्म लागेको मुद्दामा फैसला गर्दा साधक जाँचका लागि सर्वोच्च अदालतमा पठाउनु नपर्ने।

इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६६-WO-८६१, परमादेश, *जगन्नाथ मिश्र वि. त्रि.वि.वि. शिक्षण अस्पताल, सञ्चालक समिति, महाराजगञ्ज, काठमाडौं समेत*

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई पनि अत्यावश्यक सेवाको रूपमा सूचीकृत गरिएको आदेश मिति २०६६।१०।१४ को नेपाल राजपत्रमा प्रकाशित गरिएको छ । त्यस्तो आदेश जारी गरेपछि त्यसको कार्यान्वयन गर्ने दायित्व पनि सम्बन्धित निकाय अर्थात् स्थानीय प्रशासन र अस्पतालको हो । यसको प्रभावकारी ढंगले निर्वाह ती निकायहरूले गर्नुपर्ने हुन्छ । तर अस्पतालबाट दैनिक हजारौं बिरामीलाई अत्यावश्यक स्वास्थ्य र चिकित्सकीय सेवा पुऱ्याउनु पर्ने अस्पतालको सेवालाई अत्यावश्यक सेवामा सूचीकृत गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमन, स्थानीय प्रशासनले गर्न नसकेर लामो समयसम्म अस्पतालको सेवाबाट सर्वसाधारण जनता बञ्चित रहनु परेको तथ्य प्रष्ट छ । आइन्दा यस्तो स्थिति आउन नदिन गम्भीर हुनु आवश्यक छ । यसर्थ अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ र सोही ऐनअन्तर्गत निकालिएको आदेश वा सूचनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु तथा सो ऐन र सूचनाले निषेध गरेको कार्य गर्नेउपर कानूनबमोजिम तत्कालै कारवाही गरी आवश्यक सेवाको सञ्चालन र आपूर्तिमा बाधा नपर्ने आवश्यक व्यवस्था तत्काल गर्नु भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा परमादेश जारी हुने ।

आवश्यक सेवा सञ्चालन ऐन, २०१४, आवश्यक वस्तु संरक्षण ऐन, २०१२ र आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ समेत पाँच दशक अगाडि बनेर लागू भएकोमा विवाद छैन । २०१४, २०१२ र २०१७ सालमा बनेका ती ऐनहरू हालसम्म संशोधन र परिमार्जन नभई, निर्माणकालकै अवस्थामा लागू भइरहेका छन् । यसकारण आजको परिवर्तित र चुनौतीपूर्ण परिस्थितिमा उक्त ऐनहरूको कार्यान्वयनबाट अपेक्षित परिणाम आउन सक्ने स्थिति छैन । जनताको सार्वजनिक चासो र सार्वजनिक स्वास्थ्य लगायतका अन्य आवश्यक एवं आधारभूत सामानको आपूर्ति सुनिश्चित हुन सकिरहेको छैन । आधारभूत सेवाहरूलाई सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्ने व्यवस्था गरिएको छ । तर त्यो प्रभावकारी हुन नसकेको देखिँदा आवश्यक सेवा सञ्चालन २०१४, आवश्यक वस्तु संरक्षण ऐन, २०१२ र आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ समेतका ऐनहरूमा समयानुकूल सुधार एवं आवश्यक परिवर्तन गर्नको लागि यथाशीघ्र आवश्यक प्रक्रिया अघि बढाउनु भनी नेपाल सरकार गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : देवेन्द्र ढकाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल भदौ १७ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०१५६, दर्ता बदर दा.खा., *शिब शर्मा भट्टराई वि. कविता गौतम बस्नेत*

प्रतिवादीले यी वादीसँग लोग्ने स्वास्नीको सम्बन्ध बिच्छेद गरी अर्को विवाह गरी सकेको तथ्य प्रमाणको रूपमा पेश भएको सम्बन्ध बिच्छेद मुद्दाको मिसिल एवं प्रस्तुत मुद्दाको प्रतिवादीको प्रतिउत्तर लेखबाट पुष्टि भएको छ । त्यसमा पनि उक्त जग्गा फिर्ता गर्न सहमति जनाई प्रतिवादीले प्रतिउत्तर पेश गरेको देखिँदा कि.नं. १२५३ को पूरै जग्गाको प्रतिवादीको नाउँको दर्ता बदर भई वादीका नाममा नामसारी दाखेल खारेज हुने ।

प्रारम्भमा प्रतिवादी कविता गौतम र निजको दाजु मेघवर्ण गौतमको संयुक्त नाममा खरीद गरिएको र पछि मेघवर्णले आफ्नो आधि भाग यी प्रतिवादीलाई नै मिति २०४७।४।७ मा बकसपत्र गरी दिएको तथ्यमा विवाद छैन । यसरी उक्त कि.नं. ३५६ को जग्गामध्ये आधि जग्गा प्रतिवादीले आफ्नै दाजु मेघवर्णबाट बकसपत्रद्वारा पाएकीले सो आधि जग्गा निज प्रतिवादीको निजी आर्जनको एकलौटी हुने ।

मुलुकी ऐन एघारौ संशोधनभन्दा अघि प्रचलित स्त्री अंशधनको महलको ६ नं. को कानूनी व्यवस्था समेतका आधारमा सम्बन्ध बिच्छेद गरी

अर्को विवाह गरी सकेकी प्रतिवादी कविता गौतमको १ खण्ड घर जग्गामा वादीको हक हुने देखियो। तीनजना छोरीहरूको पालन पोषण प्रतिवादीबाट भई ती छोरीहरू प्रतिवादीसँगै बसिरहेकोले कि.नं. ३५६ को जग्गा आधा भाग ०-४-२-० जग्गा र सो जग्गामा बनेको घर पूरैबाट ५ भागको २ भाग (तीन छोरीहरूको हक बाहेक) वादीले फिर्ता पाउने हुनाले सो हदसम्मको प्रतिवादीका नामको दर्ता बदर भई वादीका नाममा दर्ता नामसारी हुने।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०१६४, उत्प्रेषणयुक्त परमादेश, *अजयकुमार श्रेष्ठ वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले दावी गरेको अवधिसम्म निज सेवामा बहाल रही काम काज गरिसकेको देखिएकोले अब प्रस्तुत निवेदनको औचित्य नै समाप्त भइसकेको अवस्थामा मागबमोजिमको आदेश जारी गर्न परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल साउन ३० गते रोज १ शुभम्।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ०५३२, ठगी, *खेमराज भट्ट वि. नेपाल सरकार*

चेकअनुसारको रकम बैंकमा नभएको खताको चेक दिने लगायतको कार्य ठगीको महलको १ र २ नं. मा उल्लेख भएको ठगीको परिभाषाभित्र पर्ने देखिएको छ। जग्गा बिक्री गरी सकेपछि सो बिक्रीबापत पाउनु पर्ने रूपैंया निजले पाउनु पर्ने कुरामा विवाद देखिएको छैन। यदि यी पुनरावेदक खेमराज भट्टको नियत सफा थियो भने निजले उक्त बिक्रीबापतको रूपैयाँ बिक्रेतालाई तत्काल दिनु, दिलाउनु पर्नेमा सो गरेको देखिएन। यसबाट प्रत्यक्षतः जाहेरवालाहरूलाई नोक्सान र आफूलाई फाइदा पुऱ्याउने कार्य गरेको कुरा स्पष्टै देखिएको अवस्थामा यी प्रतिवादीले ठगीको १ र २ नं. को कसूर गरेको देखिँदा ठगी गरेको कार्यलाई सो बिगो जाहेरवालालाई भराई बिगोबमोजिम जरीवाना हुने।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०५२७, ०५२८, नक्सापास बेगर बनाएको घर टहरा भत्काई पाऊँ, *कुलदेवराज शाही वि. रोमनराज शाही समेत, कुलदेवराज शाही वि. रोमनराज शाही समेत*

एकैसाथ एउटै मुद्दामा पक्षबाट परेको दुई पुनरावेदनमा पुनरावेदन अदालतबाट भएको दुई परस्पर विरोधाभाषपूर्ण फैसलाहरूको कार्यान्वयन हुन सक्तैन। शुरू निकाय काठमाडौं महानगरपालिका वा अन्य जुनसुकै निकायबाट भएको शुरूको एउटै फैसला र एउटै मिसिलमा जतिसुकै पुनरावेदन परे पनि पुनरावेदन तहको अदालतबाट एउटै फैसला हुनुपर्ने हुन्छ। पुनरावेदन अदालतले शुरूको फैसलामा रहेको प्रक्रियागत, तथ्यगत र कानूनी त्रुटि एवं प्रमाणको मूल्याङ्कनसम्बन्धी त्रुटिहरूलाई सच्याउने काम गर्दछ। आफूले गरेको फैसला नै निरर्थक र कार्यान्वयन हुन नसक्ने वा एउटै मुद्दामा विरोधाभाषपूर्ण हुने गरी फरक-फरक फैसला पुनरावेदन अदालतले गर्न नहुने।

एउटै मुद्दामा गरेको दुई अलग-अलग फैसलामध्ये कुनै पनि फैसला कायम रहन सक्ने स्थितिमा छैन। दुई फैसलाहरूमध्ये कुनै एक फैसला कायम रहेमा वा कुनै एक फैसलालाई रीतपूर्वकको फैसला मानी त्यसउपरको पुनरावेदनमा यस अदालतबाट इन्साफतर्फ ठहर निर्णय भएमा पुनरावेदन अदालतले गरेको त्रुटिपूर्ण निर्णय प्रक्रियागत रूपले ठीक हो भनी सम्झनु पर्ने हुन आउँछ। वादी पक्षको पुनरावेदनमा पुनरावेदन अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) को त्रुटि गरेको छ भने प्रतिवादी पक्षको पुनरावेदनमा अदालती बन्दोबस्तको ७२ नं. १८६ नं. १८९ नं. र १९२ नं. समेत तथा प्रमाण ऐन, २०३१ को ५४ नं. को गम्भीर त्रुटि गरी

फैसला गरेबाट दुवै फैसलाहरू प्रक्रियागत रूपले समेत त्रुटिपुर्ण देखिने ।
इजलास अधिकृत : देवेन्द्र ढकाल
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल असोज १० गते रोज १ शुभम् ।

**इजलास नं. ९**

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३२५८, परमादेश, *विश्वनाथ केडिया वि. एकद्वार समिति, उद्योग विभाग समेत*

एकद्वार समितिले निर्णय नगरेसम्म निवेदकको मागअनुसार आ.व. २०५६।०५७ सालको कर निर्धारण नगर्नु नगराउनु भन्ने प्रत्यर्थी नं. ३ को नाममा प्रतिषेध जारी हुने वा नहुने भन्नेसम्बन्धमा विचार गर्दा निवेदकले आफ्नो रिट निवेदनमा नै आन्तरिक राजश्व कार्यालयको निवेदन चित्त नबुझे राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्ने अधिकार सुरक्षित रहेको भनी उल्लेख गरेको सन्दर्भमा उक्त आ.व.को कर निर्धारणसम्बन्धमा चित्त नबुझे सोउपर पुनरावेदन गर्ने प्रभावकारी कानूनी व्यवस्था भएको देखिएकोले निवेदकको मागअनुरूपको उक्त आ.व. २०५६।०५७ को आयकर निर्धारण गर्ने.काम कारवाही रोक्नु पर्ने अवस्था नदेखिने ।
इजलास अधिकृत : अम्बिका निरौला
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २६९८, उत्प्रेषणयुक्त परमादेश, *किरणकुमार श्रेष्ठ वि. मानव स्रोत व्यवस्थापन विभाग, नेपाल बैंक लि. प्रधान कार्यालय समेत*

बैंकको कार्य, सेवाको प्रकृति तथा बैंकको विश्वसनीयतामा प्रतिकूल असर पर्ने गरी बैंक कर्मचारी नियमावली, २०४८ को नियम ८.६ को (झ) र (ट) को कसूर गरेको भनी सजाय दिने अख्तियार प्राप्त अधिकारीबाटै सुनुवाइको मौका दिई स्पष्टीकरण समेत माग गरी नीति निर्देशनको अधीनमा रही कर्जा प्रवाह गर्नुपर्नेमा सोबमोजिम नगरी आफूलाई लाभ लिने नियतले बैंकलाई हानि नोक्सानी पुऱ्याउने कार्य नियतबश र लापरवाहीपूर्वक गरेको भन्ने निवेदक स्वयंको निवेदन लेखमा स्वीकारोक्ति देखिएको र विपक्षीहरूको लिखित जवाफ तथा बैंकको निजउपरको कारवाहीसम्बन्धी सक्कल निर्णय फायलबाट स्पष्ट देखिएको अवस्थामा भविष्यमा बैंकको सेवाको निमित्त अयोग्य नठहरिने गरी बैंकको सेवाबाट हटाई अनियमित कर्जा लगानी गरेको कारण बैंकलाई हुने हानि नोक्सानी समेत सो नियमावलीको नियम ८.१३ बमोजिम असूलउपर गर्ने गरी नेपाल बैंक लिमिटेडबाट मिति २०६०।१२।११ मा भएको निर्णय समेत रीतपूर्वकको प्रक्रिया पूरा गरी भए गरेकै देखिने ।
इजलास अधिकृत श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३८१०, उत्प्रेषणयुक्त परमादेश, *गंगन सिंह देउजा वि. सञ्चालक समिति, नेपाल बैंक लि. प्रधान कार्यालय समेत*

बैंकको कार्य, सेवाको प्रकृति र बैंकको विश्वसनीयतामा समेत प्रतिकूल असर पर्ने गरी बैंक कर्मचारी नियमावली, २०४८ को नियम ८.६ को (क)(घ)(च) र(ङ) को कसूर गरेको भनी सजाय दिने कानूनतः अख्तियार प्राप्त अधिकारीबाटै सुनुवाईको मौका दिई स्पष्टीकरण समेत माग गरी स्पष्टीकरण चित्त बुझ्दो नभएको भनी भविष्यमा बैंकको सेवाको निमित्त अयोग्य नठहरिने गरी बैंकको सेवाबाट हटाई अनियमित कर्जा लगानी गरेको कारण बैंकलाई हुने हानि नोक्सानी समेत सो नियमावलीको नियम ८.१३ बमोजिम असूलउपर गर्ने गरी नेपाल बैंक लिमिटेडबाट मिति २०६०।१२।११ मा भएको निर्णय समेत कानूनअनुरूपको सम्पूर्ण प्रक्रिया पूरा गरी भए गरेको देखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम् ।

**इजलास नं. १०**

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०१३५, उत्प्रेषण परमादेश, *लीलानाथ रेग्मी वि. दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय समेत*

निवेदक संस्थानको मासिक ज्यालादारीमा कार्यरत रहेको अवस्थामा स्थायी नियुक्ति भएकाले विनियमावलीको व्यवस्थाबमोजिम निजको मासिक ज्यालादारीको सेवा अवधि उपदान प्रयोजनका लागि सेवा अवधिमा गणना हुन सक्ने देखिएन। २०५२।१।२१ भन्दा अगाडि संस्थानमा कार्यरत कर्मचारीले ५८ वर्ष सेवा अवधि पूरा गरी अवकाश प्राप्त गरेमा त्यस्ता कर्मचारीको मात्र ६० वर्ष पुग्न बाँकी अवधि थपी सेवा अवधि गणना हुने व्यवस्था रहेको देखिँदा विपक्षी दुग्ध विकास संस्थानको कामकारवाहीबाट निजको संविधान, कानून एवं विनियमावलीले व्यवस्था गरेको कुनै हकमा आघात पर्न गएको नदेखिँने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ साल असार २७ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-CI-०५६८, अंश, *जीवछप्रसाद यादव वि. दुखनीदेवी यादव समेत*

बण्डा छुट्याउने क्रममा जारी भएको १५ दिने म्याद निज वादी जीवछप्रसाद यादवको घरद्वारमा मिति २०६२।१।२९ मा तामेल भएको र उक्त म्याद पुनरावेदकले स्वीकार गरी बसेको देखिँदा सोही मिति २०६२।१।२९ मा वादीले फैसलाको जानकारी पाइसकेको देखिँदा सोही मितिले म्यादभित्र मुद्दा दोहोऱ्याई पाऊँ भनी निवेदन दर्ता गर्नुपर्नेमा सो नगरी २०६२।५।२७ मा फैसलाको नक्कल लिएको भनी मिति २०६२।६।६ मा दोहोऱ्याई पाऊँ भन्ने निवेदन दर्ता गरेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(३) को म्याद व्यतीत गरी दायर भएको पुनरावेदनमा तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने हुँदा पुनरावेदन खारेज हुने।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल असोज १७ गते रोज १ शुभम्।

**एकल इजलास**

१

**मा.न्या.श्री बलराम के.सी.,** २०६७ सालको WS-०००२, उत्प्रेषण,परमादेश समेत, *कुमार शर्मा आचार्य समेत वि. व्यवस्थापिका संसद सचिवालय समेत*

राज्यका तीन अङ्गहरू मध्ये स्वभावैले विधायिकाले कानून बनाउँछ, कार्यपालिकाले लागू गर्दछ र विवाद उत्पन्न भएमा न्यायपालिकाले विधायिकाले बनाएको कानूनको व्याख्या गर्दछ। धारा १०२ को उपधारा ४ को यही मनसाय र व्यवस्था हो। धारा १०२ को उपधारा ४ मा संविधान र प्रचलित कानूनको व्याख्या गर्ने अधिकार यस अदालतमा निहित छ। त्यसमा विवाद छैन। तर धारा ५६ को प्रधानमन्त्री चुन्ने जस्तो व्यवस्थापिका संसदको आन्तरिक विशेषाधिकारमा न्यायको मान्य सिद्धान्त Parliamentary Practice Seperation of Poweer र Harmonious Construction को सिद्धान्तअनुसार संसदभित्र गरिने प्रधानमन्त्रीको निर्वाचन गर्ने काममा यस अदालतले धारा १०७(२) अन्तर्गत हस्तक्षेप गर्नु हुँदैन। यस अदालतले Voluntary Self Restraint को आधारमा हस्तक्षेप गर्न नहुने।

राजनैतिक सहमतिबाट मन्त्रिपरिषद्को गठन हुन नसकेको अवस्थामा नेपाली जनताले संविधान सभा/व्यवस्थापिका संसदको लागि चुनेर पठाएको आ-आफ्नो जनप्रतिनिधिहरूले Composite floor test हुँदा Yeah र Neah को आधारमा UN लगायत अन्तर्राष्ट्रिय सम्मेलनमा सार्वभौम राष्ट्रहरूले कुनै प्रस्तावमा राष्ट्रिय हितलाई ध्यानमा राखी प्रस्तावको पक्ष वा विपक्षमा कुनै पनि Vote नदिई Abstention रहेको जस्तो संसदीय मान्यता र प्रचलनअनुसार विधायिका जन प्रतिनिधिले कुनै पनि मत नदिई Abstention रहने गरिदैन। भएको मत गन्तिमा बहुमत प्राप्त गर्ने व्यक्ति प्रधानमन्त्रीमा नियुक्ति हुने हुँदा यस्तो विषय Political Question समावेश भएको विषय हुन्छ। Political Question समावेश भएको यस्तो विषय Judicially Managable Standard भित्र नपर्ने।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

इति संवत् २०६७ साल साउन १४ गते रोज ६ शुभम्।

२.

**मा.न्या. श्री बलराम के.सी.,** मुद्दा नं. ०६६-MS-०००२, सेवाबाट हटाएको, *योगेन्द्र गिरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

प्रशासकीय अदालतको निर्णयउपर यस अदालत साधकको प्रयोजनको लागि माथिल्लो तालुकवाला अदालत हुने भनी कानूनले नभनेको, प्रशासकीय अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन नलागि अन्तिम हुने कानूनी व्यवस्था भएको र ३ सदस्य उपस्थित इजलासमा अन्य २ जना सदस्यको अलग अलग राय भएमा अध्यक्षले Casting Vote को प्रयोग गर्नुपर्ने र बोजोड सदस्यको Tribunal मा अध्यक्षको भूमिका नै Casting Vote को हुनुपर्ने मान्य प्रचलनअनुसार प्रस्तुत मुद्दामा ३ सदस्यको मत विभाजित भएको निर्णय बदर हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ कात्तिक १७ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह,** २०६७ सालको रिट नं. ११५० उत्प्रेषण समेत, *समीरमणि दीक्षित वि.काठमाडौं विश्वविद्यालय, धुलिखेल समेत*

स्वेच्छिक अवकाश माग गरिएको काठमाडौं विश्वविद्यालयमा यी निवेदक कर्मचारी, शिक्षक वा अन्य कुनै पनि पदमा कार्यरत रहेको नभई कुनै पनि व्यहोराले सरोकारवाला देखिन आउँदैन । सरोकार नै नभएका व्यक्तिको आफ्नो हकदैया कतैबाट नदेखिएको अवस्थामा हकदैयाको अभावमा प्रस्तुत रिट निवेदनमा मागबमोजिमको आदेश जारी हुने अवस्था प्रथम दृष्टिमा नै देखिन नआएकोले मागबमोजिमको आदेश जारी हुन नसक्ने विषयमा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन नपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

४.

**मा.न्या. श्री रामकुमारप्रसाद शाह,** २०६७ सालको रिट नं. ११३९ उत्प्रेषण परमादेश समेत, *गिरीराज भण्डारी वि. स्वास्थ्य सेवा विभाग समेत*

स्वास्थ्य सेवा जनताको जीवन र स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने अत्यावश्यक सेवा भएको र स्वास्थ्य सेवामा कार्यरत रहेको कर्मचारीलाई २ वर्ष नपुगी सरूवा नै गर्न नपाइने ऐनको सामान्य व्यवस्था रहेको छ । तर विशेष अवस्थामा अधिकार प्राप्त अधिकारीले आवश्यकता महसुस गरेमा २ वर्ष नपुगी पनि सरूवा गर्न सक्ने नै हुन्छ । २ वर्ष नपुगी सरूवा नै गर्न नपाइने कठोर व्यवस्थाको रूपमा उक्त कानूनी व्यवस्थालाई सम्झन नमिल्ने ।

२ वर्ष नपुगी र तह उल्लेख नगरी गरिएको सरूवासम्बन्धी निर्णय एवं पत्रबाट निजको कुनै संवैधानिक एवं कानूनी हकमा असर परेको प्रथम दृष्टिमा नै देखिँन नआएको अवस्थामा मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम

५

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०१७२, उत्पेषण मिश्रित परमादेश, जयप्रकाश *महतो वि. शिव पटेल समेत*

नगरपालिकाले शर्त र कार्यविधि अनुरूप बोलपत्र स्वीकार गर्ने नगर्ने सम्बन्धमा आफ्नो स्वविवेकीय अधिकार प्रयोग गरी उक्त बोलपत्रहरू बदर गरी २०६७।५।१ को निर्णयअनुसार पुनः बोलपत्र आव्हान गरेको कार्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय निकाय, आर्थिक प्रशासन नियमावली, २०६४ अनुकूल हुनुको साथै प्रकाशित बोलपत्रको शर्त एवं कार्यविधिहरूको दफा १९ मा निर्धारित शर्तअनुसार नै भएको र रिट निवेदकले बोलपत्र दाखिल गर्दाका अवस्थामा नै उल्लिखित शर्तहरूलाई स्वीकार गरिसकेको अवस्था हुँदा रिट निवेदकको जिकीरअनुरूप उल्लिखित मिति २०६७।५।१ को निर्णयबाट निवेदकको संवैधानिक र कानूनी हकमा आघात परेको कुरा प्रथम दृष्टिमै देखिन नआएबाट प्रस्तुत रिट निवेदनमा कारण देखाउ आदेश जारी गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरिराज कार्की
इति संवत् २०६७ साल भदौ १५ गते रोज ३ शुभम् ।

अदालत गतिविधि

**डा.आनन्दमोहन भट्टराईद्वारा लिखित "Protection of Himalayan Biodiversity" विषयक पुस्तकको विमोचन कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूबाट मिति २०६७।८।१० मा दिनु भएको मन्तव्य**

डा.आनन्दमोहन भट्टराईद्वारा लिखित "Protection of Himalayan Biodiversity International Environmental Law and Regional Legal Framework" नामक पुस्तक लोकार्पण गर्न पाएकोमा मलाई खुसी लागेको छ। यस कार्यको निम्ति मलाई निमन्त्रणा गर्नु भएकोमा आयोजक न्यायाधीश समाज, नेपाल र विश्व वन्यजन्तु कोष, नेपाललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। विमोचित पुस्तकको विषयमा यसअघि समीक्षा गर्ने समिक्षकज्यूहरूबाट विभिन्न पक्षबाट प्रकाश पारिसकिएको छ। तसर्थ, म पुस्तकमा उठाइएका केही विषयहरू र अन्य सान्दर्भिक विषयमा मलाई मनमा लागेका कुराहरू यहाँहरू समक्ष राख्न चाहन्छु।

आज जलवायु तथा वातावरण परिवर्तन विश्वव्यापी सरोकारको विषय बनेको छ। तर यसको प्रभाव स्थानीय र क्षेत्रीय तहमा बढी पर्दछ भन्ने कुरामा विमति छैन। जसरी समुद्री किनारामा रहेका मुलुकहरू समुद्री सतहको वृद्धिबाट प्रभावित भएका छन्, त्यसैगरी हिमालय क्षेत्रका मुलुकहरू पनि जलवायु परिवर्तनको प्रतिकूल असरबाट कुनै न कुनै रुपमा प्रभावित भएका छन्। दुनियाँमा भएको भौतिक विकास र त्यसबाट सिर्जित नकारात्मक वातावरणीय प्रभावले गर्दा यस धरतीको सबैभन्दा बढी चेतनशील मानव समुदाय लगायत प्रकृतिका विविध जीवात्मा र प्रकृतिले सिर्जना गरेका यावत् वस्तुहरूको अस्तित्व खतरामा पर्दै गएको छ।

प्रकृतिको सुन्दर सिर्जना हिमालय तथा हिमाली क्षेत्रको वातावरणीय सन्तुलन पनि भौतिक विकासको चपेटामा परेको छ। हिमालय भनेको पहाडी धरातलको उच्चतम र संभवतः सबैभन्दा पछिल्लो समयमा उत्पत्ति भएको पहाड तथा चुचुराहरू, लेक, बेंसी, खोंच र यसको चारैतिरको प्रभाव क्षेत्रको एउटा जटिल प्राकृतिक संजाल हो। हिमालय कै स्रोतबाट विभिन्न नदीनाला, ताल तलैयाहरू बनेका छन्, जसको सिंचनबाट धरतीका असंख्य एकड जमीनहरू हराभरा बनेका छन्। तिनै हरियाली र उब्जनीबाट हिमालय क्षेत्रमा वस्ने मानव जातिको जीवन धन्य वनेको छ।

पृथ्वीको भौगोलिक संरचनालाई अध्ययन गर्दा हिमालय क्षेत्र पश्चिममा नंगा पर्वत देखि पूर्वमा नाम्चे र वरुवा उत्तरी तिब्बती पठारबाट दक्षिणमा गंगाको उत्तरी पानीढलोसम्म फैलिएको विशाल क्षेत्र हो। इन्दस र ब्रम्हपुत्र जस्ता पवित्र नदीहरू क्रमशः यसको पश्चिम र पूर्वतर्फ वगिरहेका छन्। एशिया महादेशका चीन, भारत, पाकिस्तान, नेपाल र भुटान नै हिमाली क्षेत्रका मुख्य भूमी हुन्। तर हिमालय क्षेत्र त्यत्तिमा मात्रै सिमित रहेको छैन। वंगलादेश र म्यान्मारसम्म पनि यो फैलिएको छ। एशियामा हिमालयलाई काराकोरम र हिन्दकुस लगायतका प्रणालीहरूसँग सँगै राखेर पनि हेर्न सकिन्छ। काराकोरम र हिन्दकुस हिम शृंखला भित्र मध्य-एशियाका अफगानिस्तान, ताजिकिस्तान, किर्गिजिस्तान र उत्तरी पाकिस्तान सम्म समेटिएको पाइन्छ।

वास्तवमा हिमालय क्षेत्र प्रत्यक्ष रुपमा असंख्य मानिसहरूको घर हो। करोडौं मानिसहरूले हिमालयकै देनबाट प्राप्त साधन स्रोतको भरमा आफ्नो जीवनलाई अग्रगति दिई राखेका छन्। वर्तमान समयमा यो क्षेत्र वातावरणीय प्रतिकुलताका असंख्य गम्भीर चुनौतीहरूबाट गुज्रिरहेको छ। आज विकसित तथा विकासशील मुलुकमा भएको औद्योगिकीकरण लगायतका भौतिक परिवर्तनको कारणबाट हिमालय भूमिको प्राकृतिक संरचनामा गम्भीर असर पर्न गएको छ। त्यस्तो नकारात्मक असरलाई समयमा नै संरक्षण यस्तो महत्वपूर्ण विषयमा आज विमोचित पुस्तकका लेखकले वैज्ञानिक खोज तथा अनुसन्धान गरी विविध आर्थिक, सामाजिक तथा वातावरणीय समस्याहरू भोगिरहेको हिमाली क्षेत्रलाई केन्द्रमा राख्नु भएको

छ। हिमालय क्षेत्र हिमनदी तथा नदी नालाहरूको प्रमुख स्रोत, प्राकृतिक सौन्दर्यले भरिपूर्ण, वैज्ञानिक महत्व समेत बोकेको क्षेत्र भएको हुँदा यो क्षेत्र विशेष प्राथमिकताको हकदार छ भन्ने विषयलाई लेखकले जोडदार रुपमा उठाउनु भएको छ। पर्यावरणीय परिवर्तनको कारणबाट हिमालय क्षेत्रमा देखापरेका र सम्भावित समस्याको सम्बन्धमा लेखकले महत्वपूर्ण समसामयिक प्रश्नहरू पनि उठाउनु भएको छ। साथै ती समस्याहरूलाई समाधान गर्नको लागि हिमालय क्षेत्रका राष्ट्रहरूको बीचमा क्षेत्रीय कानूनी संरचना र सहयोगको आवश्यकता छ भन्ने कुरामा जोड दिँदै त्यसको निम्ति वहाँले अन्तर्राष्ट्रिय वातावरण कानूनका चौतर्फी आयामहरूलाई समेट्नुका साथै हिमालय क्षेत्रमा बसोवास गर्ने मानिसहरूको जीवन, संस्कृति र परम्परा संरक्षणको निमित्त प्रभावकारी उपायहरू समेत सुझाउनु भएको मैले पाएँ।

प्रदुषणले गर्दा विश्व वातावरणका जैविक, अजैविक संरचना र तिनका गुणमा ह्रास आउनुको साथै आर्थिक, सामाजिक पक्षमा प्रतिकूल प्रभाव परिरहेको छ। आज विश्वमा वातावरणीय परिवर्तनको कारणबाट अतिवृिष्टि, अनावृष्टि, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूसँग मानव जातिले जुध्नु परेको अवस्था छ। समुद्रीतटका मुलुकहरूमा विस्तारै समुद्री सतहको वृद्धिले खतरा उत्पन्न गरिरहेको छ भने हिमाली मुलुकहरूमा तापक्रमको वृद्धिबाट हिम शृंखलाहरू अप्राकृतिक रुपमा पग्लिँदै गएर भविष्यमा नाङ्गा पहाडहरूमा परिणत हुने खतरा बढिरहेको छ। त्यसका दृष्टान्तहरू हिमालय क्षेत्रमा देखिन थाली सकेका छन्। यस खालको वर्तमान वातावरणीय परिवेशमा लेखकले हिमाली क्षेत्रको जैविक विविधता संरक्षणको विषयमा गर्नु भएको अनुसन्धानबाट हिमालय क्षेत्रका राष्ट्रको जैविक विविधताको संरक्षणको लागि ठोस रणनीति तयार गर्न र यस प्राकृतिक सम्पदाको संरक्षणको माध्यमबाट भावी सन्ततिको लागि दीगो विकासको आधार खडा गर्न सकिने छ भन्ने मेरो विश्वास छ।

पुस्तकमा लेखकले जलवायु परिवर्तनको कारणबाट हिमाली पर्यावरण र हिमालयको अस्तित्व अत्यन्त ठूलो जोखिममा रहेको छ भन्ने तथ्यलाई विश्वसनीय वैज्ञानिक तथ्य र प्रमाणबाट प्रमाणित गर्ने कोशिस गर्नु भएको छ। हिमालयको तल्लो सतहमा वसोवास गर्ने मानिसहरूबाट सृजित आधुनिक मानवीय क्रियाकलाप तथा सुविधा सम्पन्न सहरमा वसेर नीति तथा योजना वनाउने योजनाकारहरू त्यस्तो खतरा निम्त्याउनको निम्ति जति जिम्मेवार छन् त्यति नै जिम्मेवार अन्य प्राकृतिक, पर्यावरणीय, भुवैज्ञानिक तथा भु-आकृतिक विज्ञान सम्बन्धी विषयहरू समेत रहेका छन् भन्ने तथ्यलाई पुस्तकले सारगर्भित रुपमा उजागर गर्नुका साथै हिमाली क्षेत्रका जनताहरूलाई केन्द्रमा राखेर हेर्न नसकिएको कारणले गलत विकास नीतिको तर्जुमा भएको र यसले हिमालय क्षेत्रका जनताहरूलाई गरिवी तर्फ अरु धकलेको जुन तथ्यहरू प्रस्तुत गर्नु भएको छ ती मनन् योग्य छन्।

हिमाली क्षेत्रमा कैयौं स्थानमा पर्यटन विकासको पर्याप्त सम्भावना भए पनि स्थानीय जनताहरूको क्षमता विकास गरिएन र वाहिरियाहरूले फाइदा लिने कुरालाई प्रभावकारी रुपमा रोकिएन भने आर्थिक चुहावट र वातावरणीय विनास कायम रहन्छ भन्ने कुरमा पनि लेखकले सरोकारवालाहरूलाई सर्तक गराउनु भएको छ।

हिमालय क्षेत्रमा जे जति समस्याहरू छन्, ती एउटा मात्र देशको प्रयासबाट संवोधित हुन सक्दैनन्। यसको लागि यो क्षेत्रका जनता एवं राष्ट्रहरू एकै ठाउँमा बसी साझा दृष्टिकोण वनाउन जरुरी छ। त्यसो भएमा स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा समान दृष्टीकोण बन्न सक्छ। यो कार्य हिमालयको संरक्षणको लागि एउटा क्षेत्रीय सन्धिमार्फत् गर्न सकिन्छ। जैविक विविधता तथा सो सँग सम्बन्धित परम्परागत ज्ञान यस्तो विषय हो जसमा छिटो सहमति वन्न सक्छ र सो मार्फत् हामी अघि बढ्न सक्छौ। लेखकले यो विषयमा आफ्ना धारणहरू राखेर यो विषयको वहसलाई अघि बढाउनु भएको छ। भविष्यमा यस विषयमा अरु छलफल हुनेछ भन्ने मैले आशा लिएको छु।

अन्त्यमा लेखकलाई यो महत्वपूर्ण कृति, बौद्धिक समुदाय समक्ष पस्कनु भएकोमा म हार्दिक बधाई दिन चाहन्छु। यस प्रकारको बौद्धिक एवम् प्राज्ञिक कार्यमा सहयात्री वनेर सेज पब्लीकेशनले एउटा सह्राहनीय कार्य गरेको छ। डा. सुगत घोष मार्फत् म सेज पब्लिकेसनलाई पनि धन्यवाद दिन चाहन्छु।

***धन्यवाद !***